# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

सडक बालबालिकाको समस्या लामो समयदेखी विश्वभरी नै मुख्य समस्याको रुपमा देखिदै आएको छ । नेपालको सन्दर्भमा सडक बालबालिका मूख्य सामाजिक समस्याको रुपमा देखा परेका छन् । राजनैतिक परिर्वतनले पनि यो समस्यालाई न्यायोचित रुपमा सम्बोधन गर्न सकेको छैन (प्रधान, २००७)।

Ennew (1994) लेख्नुहुन्छ, सडक बालबालिका ती हुन् जसका लागि सडक नै उनीहरुको परिवार भन्दा बढी आफ्नो घर जस्तो भएको छ, त्यस्तो स्थिति जहां अभिवावकको संरक्षण, निरिक्षण वा निर्देशनको अभाव हुन्छ ।

Altanis & Goddard (2004) अनुसार धेरै देखिने र नदेखिने कारक तत्वहरुले गर्दा बालबालिकाहरु घरबार विहिन भएका छन् । यसमध्ये प्रमुख कारण पारिवारिक झै झगडा, गरिबी आर्थिक अभाव, बसाईंसराई, प्रकृतिक र मानव निर्मित प्रकोप, शारिरिक तथा मानसिक हिंसा, अव्यवस्थित शहरीकरणहरु आदि जसका कारणले बालबालिकाहरु सडकमा जिवन विताउन बाध्य हुन्छन् ।

De Venanzi (2003) लेख्नुहुन्छ, बालबालिकाहरु जो सडकमै बाँच्ने र काम गर्ने गर्दछन् किनभने उनिहरुको आधारभूत आवश्यकताहरु जस्तै स्वास्थ्य शिक्षा र बासस्थानबाट बञ्चित हुन्छन् । उनिहरुलाई सामाजिक रुपमा अबहेलना गालीगलौज गर्नुका साथै सामाजिक खतराका रुपमा लिईन्छ ।

जन्मेदेखी १८ बर्ष सम्मको उमेर समूहका मानवलाई बालबालिका भनिन्छ । युनिसेफले सन् १९९४ - १९९७ सम्म गरेको अध्ययन अनुसार विश्वमा बालबालिकाहरुको संख्या २ अरब भन्दा बढी छ जस मध्ये करिब ८७ प्रतिशत विकासोन्मुख देशहरुमा रहेका छन् ।

विश्वका झण्डै एक चौथाई बालबालिका दक्षिण एसियामा रहेका छन् र अधिकांश गरिबीको रेखामुनि जीवनयापन गरिरहेका छन् । (UNICEF, 2002)

सन १९९६ मा ILO ले गरेको एक अध्ययनले संसारका करिब ५ करोड (५ देखि १४) वर्ष उमेर समूहका बालबालिकाहरुको पूर्ण वा आसिंक रुपमा काम गरिरहेको देखिएको थियो । यस्ता बालबालिकाहरु अधिकांश विकासोन्मुख मुलुकहरुमा रहेका र त्यसमा पनि ५० प्रतिशत् भन्दा बढी दक्षिण एसियामा थिए । (श्रम तथा यातायात व्यवस्था मन्त्रालय, २०६२)

ILO ले २००६ मा गरेको अध्ययन अनुसार अनुसार विश्वमा (५-१७) वर्ष उमेर समूहका २१ करोड ८० लाख बालबालिकाहरु बालश्रमिकको रुपमा रहेका छन् । यसमा १२ वर्ष माथिका आशिंक र हलुका काम गर्ने तथा १५ वर्ष माथिका खतरामुक्त क्षेत्रमा काम गर्ने बालबालिकाहरुलाई समावेश गरिएको छैन । (ILO, 2006)

बालविकासलाई हामीहरु बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक र भावनात्मक विकास अर्थात् बालबालिकाको सर्वोपरि विकास भन्ने गर्दछौं । बालविकासका यिनै कुराहरु प्रत्याभूत गर्न विश्व स्तरमा नै बाल अधिकार घोषण पत्र, बाल अधिकार सम्बन्धि महासन्धि , दासता, बालश्रम शोषण र बालयौन शोषण विरुद्ध अर्न्तराष्ट्रिय कानुन तर्जुमा भएका छन् । सन् १९९० को सेप्टेम्बर २ तारिखको दिन नेपालको बाल अधिकार सम्बन्धि संयुक्त महासन्धिलाई अनुमोदन गऱ्यो । त्यही वर्ष ३० सेप्टेम्बरमा अमेरिकाको न्यूयोर्कमा सम्पन्न भएको बालबालिकाको लागि विश्व शिखर सम्मेलनमा नेपालको तर्फबाट सक्रिय सहभागिता हुनुका साथै बाल बचावट संरक्षण तथा विकास सम्बन्धि घोषणा पत्र तथा विश्व घोषणा पत्रलाई कार्यान्वयन गर्ने कार्य योजनामा नेपालका तत्कालीन प्रधानमन्त्रीले आफ्नो प्रतिवद्धतापूर्ण हस्ताक्षर गरे (संयुक्त राष्ट्रसंघ, १९८९) ।

नेपालमा कुल जनसंख्या मध्ये ४४% बालबालिकाहरु छन् (राष्ट्रिय जनगणना २०६८) नेपालको कूल बालबालिका मध्ये शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाको संख्या करिब ५००० रहेको छ । (CWIN, 2012)

Altanis & Goddard (2002) अनुसार सडक बालबालिकाहरु केटा वा केटी हुन जसका लागि सडक उनिहरुका घर र जिविकोपार्जनको श्रोत बनेको छ र जो पूर्णरुपले सुरक्षित छैन र पारिवारिक निरिक्षण र निर्देशनको अभावमा हुर्किरहेका हुन्छन् ।

Lusk (1989), अनुसार बालबालिकाहरुलाई मुख्य २ भागमा वर्गिकरण गरेको छ । सडकका बालबालिकाहरु (Of the Street) जो घर परिवारबाट टाढा भई गाँस, बास र कपासका लागि सम्पूर्ण समय सडकमै बिताउने बालबालिकाहरु र सडकमा बालबालिकाहरु (On the Street) जो दिनमा धेरै समय सडकमा बिगाई रात परेपछि घर फर्कने सुकुम्बासी र गरिब बालबालिकाहरु । सडक बालबालिकाहरु मध्ये अधिकांश यही श्रेणीमा पर्दछन् ।

एक अध्ययन अनुसार काठमाण्डौ उपत्यकामा हाल ८००-९०० सडक बालबालिका रहेका छन् । शसस्त्र द्वन्दको कारणले यो कम अझ बढेको छ र प्रत्येक वर्ष ५०० का दरले थपिने गरेको छ (CWIN, 2010)।

नेपालमा सडक बालबालिकाहरु पाइने मुख्य शहरहरुमा काठमाण्डौ, पोखरा, नारायणगढ, बुटवल, धरान र विराटनगर पर्दछन् भने राजधानी भएकोले काठमाण्डौ मुख्य थलोको रुपमा रहेको छ । छिमेकी जिल्लाहरु नुवाकोट, सिन्धुपालचोक, काभ्रेपलान्चोक, धादिङ्ग, मकवानपुर, दोलखा आदि काठमाण्डौ सडक बालबालिकाहरु मुख्य श्रोत हो भने पश्चिमका रोल्पा देखि पूर्वका झापा, मोरङ्ग, सुनसरीसम्मका सडक बालबालिकाहरु काठमाण्डौमा भेटिन्छन् ।

सडक बालबालिकाहरुले मुख्यतया प्लाष्टिक, फलाम, खाली शिशी संकलन गरी कवाडी पसलमा बेच्ने, होटेलमा भाडा माज्ने, सवारी साधनमा खलासीको काम गर्ने, भारी बोक्ने, गाडीहरु सफा गर्ने, जुत्ता पालिस गर्ने आदि कामहरु गर्दछन् । कतिपय बालबालिकाहरु पाकेट मार्ने तथा लागूपदार्थको ओसार पसार गर्ने कार्यमा पनि संग्लन भएको पाइएको छ ।

सडक बालबालिकाहरु मध्ये बहुसंख्यकले कवाडी सामान संकलन गरी बेच्ने काम गर्दछ जुन निकृष्ट प्रकृतिको बालश्रम मध्ये एक हो । यिनीहरुलाई नेपाली बोलीचालीको भाषामा 'खाते' भन्ने गरीन्छ भने अंग्रेजीमा "Rag Pickers" भनिन्छ । प्रस्तुत शोध अध्ययनलाई सडक बालबालिकाहरु मध्ये यिनै Rag Pickers मा केन्द्रित गरिएको छ (CWIN, 2012)।

Lusk (1992) ले सडक बालबालिकालाई ४ प्रकारमा विभाजित गरेका छन् । हरेकका आ आफ्नै मनोवैज्ञानिक विशेषताहरु छन् । पहिलो, बालबालिकाहरु जो परिवारका बेवास्ताको कारण दिनभरी सडकमा विताएर रात परेपछी मात्र घर फर्किन्छन् । उनीहरु प्रायः स्कूल जादैनन् र आवारा भएर हिड्छन् । दोश्रो, आत्मनिर्भर सडक मजदुर बालबालिकाहरु उनीहरुको घरको अवस्था राम्रो नभएकाले  झै झगडा बढ्दै गएकाले उनिहरु अनियन्त्रित हुँदै र बिस्तारै स्कूल जान पनि छोड्छन् । तेश्रो, सडक बालबालिकाहरु आफ्नै परिवारसंग सडकमा बस्छन् र काम गर्दछन् । उनीहरु आर्थिक रुपमा बिपन्न हुन्छन्  र अन्त्यमा, चौथो, प्रकारका बालबालिकाहरुको परिवारसंग टाढिएका, जन्मपछि परित्याग गरिएका, आफू बुझ्ने हुँदा सडकमै पाईएका, बाबुआमा थाहा नभएका बालबालिकाहरु जो घरबारको ठेगाना नभएको कारणले सडक नै उनीहरुको घर हुने गर्दछ ।

## १.२ समस्याको कथन

काठमाण्डौ उपत्यकामा सडक बालबालिकाहरुको संख्या दिनानुदिन बढिरहेको हुनाले निकट भविष्यमा यसले विकराल रुप नलेला भन्न सकिंदैन । यिनीहरुको सम्बन्धमा तथ्य र सत्य कुराहरु पत्ता लगाई ठोस कार्यक्रमहरु बनाउन आवश्यक भएकोले केन्द्रिय बालकल्याण समितिले यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने गरेको छ । हाम्रो देशको मुटुको रुपमा रहेको काठमाण्डौको सडक चोक र गल्लीहरुमा बाध्यतावस बेवारिसे अवस्थामा सडकलाई साहारा बनाई जीवन जिउन बिवश भएको यस्ता बालबालिकाहरु प्रशस्त भेटिन्छन् ।

सडक बालबालिकाहरु घरबारविहिन, आवारा, दुर्व्यसन र चरमरुपमा बेरोजगार हुन्छन् भन्ने तर्क गरिन्छ त्यसैले केही विज्ञहरुको विचारमा सडक बाललिकाहरु पिछडिएको वर्ग हुन् । (Bhalla & Lapeyre 1999)

बालबालिकाहरु सडकमा काम गर्न र जिउन बाध्य हुन्छन् जसका विभिन्न कारणहरु हुने गर्दछन् । धेरै बालबालिकाहरुले पारिवारिक आय श्रोतमा मद्दत, परिवार भित्र हिंसा र अवहेलना, उनीहरु शिक्षा प्राप्त गर्न वञ्चित हुने गर्दछन् । यी नकारात्मक अवस्थाहरुले गर्दा बालबालिकाहरु सडकलाई रोज्ने गर्दछन्, जहा उनीहरु स्वतन्त्र रुपमा बाँच्न पाउंदछन् । (De Venanzi, 2003)

Rizzini & Rizzini, (1991) को सडक बालबालिकामाथिको एक अध्ययन अनुसार बहुसंख्यक बालकहरु जो सात देखी सत्र वर्षबीचका थिए । उनीहरुमध्ये धैरैजसो सुकुम्बासी बस्तीबाट र परिवार संगै बस्दै आएका थिए जसको घर छोडनुको मुख्य कारण आर्थिक अभाव र पारिवारिक विचलन मुख्य थियो ।

विश्वको विभिन्न संस्थाहरुले बालबालिका सम्बन्धि जस्तो सुकै कार्यक्रमहरु लागु गरेतापनि सडक बालबालिकाको समस्यामा भने कमी आएको छैन । सडक बालकहरु सडकमा आएपछि बाँच्नका लागि नराम्रो काम गर्न बाध्य हुन्छन् । यस्ता कतिपय बालबालिकहरु हाल लागूपदार्थको दुर्व्यसनीको शिकार बन्दै गइरहेका छन् । लागू पदार्थको प्रयोग र असुरक्षित यौन क्रियाकलापका कारण एच.आई.भी एड्स जस्ता प्राणघातक रोगका शिकार बन्दै छन् । यसका साथ साथै कुपोषणको शिकार हुने, श्वास प्रश्वास सम्बन्धी रोग, सरुवा रोग आदिका समस्याहरु सडक बालबालिकाहरु सम्बन्धमा विविध समस्याहरु पाइएका छन् ।

सडक बालबालिकाको संरक्षण र हकहितका लागि थुप्रै सरकारी तथा गैर सरकारी संस्थाहरु कार्यरत रहेतापनि सडक बालबालिकाको समस्या उस्तै रहेको पाइएको छ । सडकबाट बालिकाको नाममा विनियोजित रकम गोष्ठी र सेमिनारमा मात्र खर्च हुने र यसले सडक बालबालिकाको जीवनमा केही सुधार आउन नसकेको यथार्थ रहेको छ ।

उपर्युक्त कुराहरुलाई हृदयंगम गर्दा सडक बालबालिकाहरु लागूपदार्थको सेवन गर्ने मात्र नभएर त्यसको ओसार प्रसार देखि लिएर एच.आई.भी एड्स रोगको सम्वाहकको रुपमा समेत रहेको पाइन्छ । समाजका सबैजसो वर्गहरुको संयुक्त प्रयासबाट बनाइने सशक्त कार्यक्रमहरुको सही कार्यान्वयनबाट मात्र यस्ता समस्याहरुको समाधान गर्न सकिन्छ ।

हाम्रो देशमा विगत केही दशक देखि सडक बालबालिकाको समस्या एक गम्भीर समस्याको रुपमा देखा परेको छ । यो समस्यालाई वस्तुवादी ढंगले विश्लेषण गर्न यसको पृष्ठभूमिमा रहेका बालश्रमका विभिन्न आयामहरु बुझ्नु जरुरी छ । त्यसैले यो अध्ययनले निम्न प्रश्नहरुको अन्वेषण गर्दछ :

- सडक बालबालिकाको सामाजिक, सांस्कृतिक र आर्थिक पृष्ठभूमि कस्तो छ ?
- सडक बालबालिकाको वर्तमान अवस्था कस्तो छ ?

- सडक बालबालिकाद्धारा समाजमा कस्तो प्रभाव परेको छ ?

## १.३ अध्ययनको उद्देश्य

### १) सामान्य उद्देश्य

सडक बालबालिकाको समाजिक पृष्ठभूमि, उनीहरुले सडकमा आश्रय लिने कारणहरु, सडक जीवनका विविध अवस्थाहरु र यसबाट समाजमा पर्न गएको प्रभाव आदि समग्र पक्षहरुको अध्ययन गर्नु यस अध्ययनको सामान्य उद्देश्य हो ।

### २) विशिष्ट उद्देश्य

- सडक बालबालिकाको वर्तमान अवस्थाको अध्ययन गर्नु,
- सडक बालबालिकाद्धारा समाजमा परेको प्रभावको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

यस अध्ययनले सामाजिक परिवर्तनको दिशाबोध गराउन केही हदसम्म सहयोग गर्ने आशा लिइएको छ । सामाजिक संघसंस्था तथा बालबालिकाको क्षेत्रमा काम गर्ने जुनसुकै क्षेत्रको बारेमा तुलनात्मक ज्ञान प्रदान गर्नुको साथै यो शोध ग्रन्थबाट सडक बालबालिकाको यथार्थता छर्लङ्ग हुने हुनाले उनीहरु प्रति गर्नुपर्ने दायित्व त्यस्ता सामाजिक संस्थाहरुलाई प्रष्ट हुनेछ ।

नयाँ अध्ययनकर्ता, गैसस, सरकारी निकाय तथा सरोकारवलाका निमित्त यो सोधअध्ययन एउटा सानो आधार हुन सक्छ ।

# अध्याय - दुई

# पूर्व साहित्यको समिक्षा

यस खण्डमा सडक बालबालिकाहरुको बारेमा गरिएका विभिन्न शोध अध्ययनहरुको समिक्षा गरिएको छ । यसको लागि यस शोध अध्ययन भन्दा पहिले विभिन्न शोधकर्ताहरुद्वारा गरिएका अध्ययन र त्यसको निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## २.१ सामान्य समिक्षा

सडक बालबालिकाको बारेमा विभिन्न समयमा विविध अध्ययनहरु भएका छन् । पहिले भएका अध्ययनले अब गरिने अध्ययनका लागि मार्गदर्शन गर्नुका साथै अध्ययन गर्न बाँकि रहेका पक्षहरुको पहिचान गर्न सजिलो हुन्छ । प्रस्तुत शोध अध्ययनको सिलसिलामा यस भन्दा पहिले गरिएका अध्ययनहरुको समिक्षा गर्नुका सथै निष्कर्षहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### २.१.१ सडक बालबालिकाको सामाजिक पक्ष सम्बन्धि अध्ययन

बालबालिकाहरु सडकमा आउनुमा गरिबी भन्दा पनि मनोसामाजिक कारण प्रमुख रहेका छन् (लम्साल, २००८) । बालबालिका सडकमा आउने सामाजिक कारणहरुमा टुहुरो हुनु, सौतनी आमाको दुर्व्यवहार, अनैतिक किसिमले बच्चाहरु जन्मनु, परिवारमा आन्तरिक कलह, बाबुआमाबीच पारापाचुके हुनु आदि रहेका छन् (बाल सरोकार २०६८) ।

प्रधान (१९९६) का अनुसार हाम्रो समाजमा बालबालिकाहरु विभिन्न स्थितिमा तिरस्कृत र अवहेलना बीच बाँचीरहेका छन् । यसका प्रमुख कारणहरुमा चेतनाको कमी, पारिवारिक विचलन र सामाजिक उत्पीडनहरु रहेका छन् । त्यसकारण समुदायका सबै सदस्यहरुमा बालअधिकारप्रति सचेतना जगाउन समुदायमा आधारित गतिविधिहरु संचालन गर्नु पर्दछ ।

यस्तै प्रधानको भनाई अनुसार, गाउँ घर र शहर बजारहरुमा निरन्रतर रुपमा बालबालिकाहरुमा अधिकारहरु उलंघन भैरहेका छन् । बालश्रम शोषण, बालयौन, दुर्व्यवहार, बालविवाह, बालबालिका अपहरुण तथा बेचविखन, बाल वेश्यावृति, बालयातना, बालहत्या आदि यस्ता विषयमा पनि सचेत रही सूचनाहरु संकलन गर्ने र प्रलेखबद्ध गर्ने काम गर्नु

पर्दछ जसले गर्दा जनसमुदायमा सामाजिक सचेतना अभिवृद्धि गर्न र जोखिममा रहेका बालबालिकाको संरक्षण गर्न सबैलाई सहयोग मिल्दछ ।

पारिवारिक पृष्ठभूमीलाई बालबालिकाहरु सडकमा पुग्नुको मूख्य कारकतत्वको रुपमा लिन सकिन्छ । पारिवारिक पृष्ठभूमी जब बिग्रिन्छ तब घर झै झगडा, हिंसा, अवहेलना, सम्बन्ध विच्छेद र यौन दुर्व्यवहारमा पर्दछन् र घर छोड्न बाध्य हुन्छन् । (Kidd, 2003)

यूनिसेफद्धारा (२००८) मा प्रकाशित सडक बालबालिका सम्बन्धि विश्लेषणात्मक अध्ययनमा पाइएको सामाजिक कारण अथवा परिस्थिति यस प्रकार रहेको छ : परिवारको आकार र सामाजिक सम्बन्धमा परिवर्तन भएको कारणले जस्तै - आमाबाबु अथवा अभिभावकको मुत्यु भएर केटाकेटीको बिल्लिबाठ हुनाले, आर्थिक भार सम्हाल्नेको मृत्यु भएपछि परिवारको आर्थिक स्थिति बिग्रिनाले, बाबुले दोश्रो आमा ल्याउनाले, बाबु अथवा आमा मात्र भएको घरबाट उचित हेरविचार नपुग्नाले केटाकेटी आफैँ पनि भागेर जाने गर्दछन् । परिवारमा एकभन्दा धेरै पत्नी भएपछि सौता बीच प्रतिस्पर्धाको भावनाले गर्दा पनि केटाकेटीलाई नराम्रो असर पर्न गई तिनीहरु भगेर सडकमा आइपुग्दछन् । सौताको छोराछोरीलाई बाबु आमाले उचित व्यवहार नगर्नाले र बाबु आमाले छोड्नाले पनि ती केटाकेटीलाई कामको भार धेरै भई भागेर सडकमा आइपुग्दछन् ।

त्यस्तै उक्त अध्ययनमा अन्य सामाजिक कारणहरु उल्लेख गरिएको छ । जस्तै अभिभावक तथा ठूलाबडाले आपराधिक कार्य गर्नाले केटाकेटीमा पनि त्यसको असर पर्न गई आपराधिक कार्य गर्न प्रोत्साहित हुन्छन् र घर छोडेर भागेर सडकमा आई त्यस्ता कार्यमा संलग्न हुन्छन् । केटाकेटीको साधारण गल्तीमा अभिभावबाट शारीरिक र मानसिक यातना दिइन्छ । जस्तै - गाली गर्ने, खाना खान नदिने, काम धेरै लगाउने, बिना काममा शंका गर्ने आदि गर्नाले पनि केटाकेटीमा नराम्रो प्रभाव पर्न गई घर छोडेर भाग्ने गर्दछन् । सामाजिक तथा सांस्कृतिक मान्यताले गर्दा पनि केटाकेटीहरु घर छोडेर सडकमा आइपुग्दछन् । जस्तै - बालबालिकाहरुलाई आफ्नो खुट्टामा उभिनको लागि सानै देखि घरको बोझ सम्हाल्ने अनुमती समाजले दिएको हुन्छ । त्यसकारणले सानै उमेरमा समस्याहरु झेल्दा झेल्दै सडकमा भौतारिन पुग्दछन् । त्यस्तै हाम्रो गाउँघरमा केटाकेटीहरुलाई पढाउनु हुँदैन भन्ने मानसिकताले गर्दा कतिपय केटाकेटीहरुलाई नपढाई घरेलु नोकर राख्न शहरतिर पठाउने गरिन्छ र त्यही बालबालिकाहरु सडकमा आइपुग्दछन् ।

UNICEF (2013) अनुसार आफ्नो इच्छा अनुसार कार्य गर्नाले पनि केटाकेटीहरु सडकमा आइपुग्दछन् । जस्तै शहर हेर्ने तथा जागिर प्रति विश्वस्त भएर केटाकेटीहरु भागेर शहरमा आउँछन् र पछि बिस्तारै सडकमा पुग्दछन् ।

बालबालिकाहरुले सडक जिवन व्यतित नगर्न बाध्य हुनुको पछाडी बढ्दो गरिबी, आमा बाबुले सन्तानको उचित हेरचाह नगरेकोले उनीहरु बेवास्तामा पर्न गएको, छोराछोरीलाई माया ममता दिएर भन्दा पनि पिटेर र यातना दिएर ठिक पार्न खोज्दा घरपरिवारमा अन्तरकलह भएर, कुलतको संगतले गर्दा, विद्यालयमा व्याप्त गलत शिक्षण विधि आदि प्रमुख कारणहरु रहेका छन् । (कोइराला २०६५)

गुरागाँई (२०७०) भन्नुहुन्छ, सडकमा पुगेपछि 'खाने' र 'बाँच्ने' लक्ष्यमा मात्र सिमित भएका यिनीहरुका इच्छा, आकांक्षा र उद्देश्यले यो प्रष्ट पार्छ कि यी बालबालिकाहरु भोक, गरिबी र माया ममताको अभावले सडकमा आइपुगेका हुन् । उनले यी बालबालिकाहरुलाई तीन भागमा वर्गिकरण गरेका छन् । पहिले घरमा घाँस, दाउरा र अप्ठ्यारो काम गर्न नसकेकोले, पढ्न मन नलागेकाले, शहर हेर्न रहर गरेर काठमाडौं आएका तर काठमाडौंको गतिशिलतासँग तारतम्य मिलाउन नसकेर सडकमा भौतारिँदा भौतारिदैं सडकमै अभ्यस्त भएका बालबालिकाहरु । दोश्रो, काठमाडौं भित्र रहेका सुकुम्बासी र गरिब कामदारमा घरमा जन्मिएका र बाबु आमाले बेवास्ता गरेका, स्नेह र माया ममता नपाएर सडकमा पुगेका बालबालिकाहरु । तेश्रो, बाबु आमाले त्यागेका वा सानैमा टुहुरो भएर भाग्न बाध्य भएका र त्यसरी नै ठूलो भएपछि सडकमा पुगेका बालबालिकाहरु ।

बाबु आमा मध्ये कुनै एक वा दुवैको मुत्यु भएपछि बाबुले ल्याएकी सौतनी आमाले दुर्व्यवहार गर्नु वा दोश्रो बाबुले कुटपिट गर्नु, आमा अर्को मानिससँग विवाह गरी जानाले, झैंझगडा भएपछि परिवारका सदस्यहरुले केटाकेटीहरुलाई बेवास्ता गर्नाले केटाकेटीहरु सडकमा आउने गर्दछन् भन्ने तथ्य १९९८ देखि यता पटक पटक भएका अध्ययनहरुले देखाएका छ । त्यस बाहेक पनि गाउँघरबाट केटाकेटी शहर पस्ने र सडकमा पुग्ने मुख्य कारण शहर प्रतिको आकर्षण र उत्सुकता पनि हो । यस प्रकार विभिन्न कारणले धकेलिएर सडकमा पुगेका केटाकेटीहरु मध्ये अधिकांशले काठमाडौंमा कुनै एक प्रकारको काम गरिसकेका छन् । रेष्टुरेन्टमा भाँडा माझ्ने , घरेलु नोकरको काम गर्ने, गलैंचा बुन्ने, टेम्पो भोगेपछि मात्रै केटाकेटीहरु सडकमा पुग्दछन् ।

समाजमा शहरीकरणको तीव्र प्रक्रिया, पारिवारिक विखण्डन तथा घरेलु हिंसा जस्ता विकृतिले गर्दा गाउँका केटाकेटीहरु शहरका सडकमा  जीवन विताउन बाध्य भैरहेका छन् । ठूला शहरहरुमा अवसरहरु पनि धेरै पाइने मानिसकताको कारण पनि शहरमा बालबालिकाहरु सडक बालबालिकाको रुपमा जीवन बिताई रहेका छन् । (कामत २०६८)

Boyden(1991) भन्नुहुन्छ, काम दिने व्यक्तिहरुले सडक बालबालिकाहरु जवान र बलको कारणले उनीहरु जस्ता काम पनि गर्दछन् साथसाथै उनीहरु जति कम पैसामा पनि काम गर्न तयार हुन्छन् । अविभावकको हेलचेक्र्याँई, गरिबी, दुःख आदिजस्ता कारणले गर्दा बालबालिकाहरु घरबाट सडकमा आइपुग्छन् र यसकै फाइदा उठाउँदै मात्रै मानिसहरुले सडक बालबालिकालाई काम लगाएर उनीहरुको शोषण गर्न सक्दछन । शोषण यसकारण गरिन्छ कि, सडक बालबालिकाहरु तन्नेरी, साना, गरीब आफ्नो अधिकारको बारेमा अनविज्ञ र अनाथ हुन्छन् ।

सडक बालबालिकाहरुको शोषण हुन्छ किनभने उनीहरुलाई लामो समयसम्म बिना खाना, बिना सुरक्षा र निकै नै कम ज्यालामा उनीहरुलाई आफुले गरिरहेको कामको वारेमा अनविज्ञ राखी काम लगाईन्छ यस्ता कामहरुले उनीहरुको शारिरिक र मानसिक विकासमा नराम्रो प्रभाव पर्न जान्छ । (Wasi, 2002)

Thapa (2009) भन्नुहुन्छ, सडक बालबालिकाको गलत सरसफाईका कारणले उनीहरुमा स्वास्थ्य सम्बन्धी समस्या देखिएको छ । उनीहरुको बानी व्यहोराका कारणले उनीहरुमा स्वास्थ्य सम्बन्धी समस्या देखिन्छ ।

तामाङ (२०६४) का अनुसार, बालबालिकाहरु सडकमा आउनुका सामाजिक कारणहरु निम्न रहेका छन् । पारिवारिक तालमेल, समझदारी र शान्तिको अभावमा परिवारको अवस्था नै टुक्रिन्छ । त्यसमा पनि आमा बाबु बीच दिनरातको झगडाले गर्दा उनीहरुले बालबालिकालाई बेवास्ता गर्ने तथा गैरजिम्मेवारीपूर्ण व्यवहार गर्दछन् । जसको कारण उनीहरुको स्थिती झनै नाजुक हुन पुग्दछ । परिणामस्वरुप आमाबाबुबाट पाउनु पर्ने उचित माया ममता, रेखदेखबाट बालबालिकाहरु वञ्चित हुन पुग्दछन् । कतिपय बालबालिकाहरु सानीआमा तथा सानोबुबाको लापारवाहीपूर्ण व्यवहारबाट पिडित छन् । यसो हुनुको खास कारण गरिबी, अशिक्षा र बालबालिका प्रतिको जिम्मेवारी नबुझ्नु नै हो ।

त्यस्तै विशाल एवं संवेदनशल समस्याको रुपमा हाम्रा परम्परा र प्रथाहरु रहेका छन् । अशिक्षित र असचेत अभिभावकहरुबाट अनावश्यक प्रथाहरु पालन गराउन बालबालिकाहरुको इच्छा नबुझी आफ्नो एकोहोरो विचार एवं इच्छा उनीहरु माथी लाद्न खोज्दा पनि असह्य भएर घर छोडी भाग्ने अनि सडक जीवन विताउने गरेका छन् । यिनै संवेदनशील कारणहरुले गर्दा बालबालिकामा मनोवैज्ञानिक असर पर्न गई नैराश्यता, हिनताबोध, एक्लोपन महसुस हुन थाल्दछ र विस्तारै परिवारबाट टाढिन थाल्दछन् । एक छाक खानको समस्या हल गर्न पनि शहर बजारतिर पुग्दछन् र अन्य सीप नचले पछि सडक जीवन सुरु गर्दछन् ।

लिम्बु, (२०६४) का अनुसार सडक बालबालिकाहरु हुनुको कारण गरिबी भन्दा पनि बाबु आमा अर्थात् अभिभावकहरुको दुर्व्यवहार, उचित रेखदेख, माया ममताको अभाव र केटाकेटीहरुको सानातिना गल्तीमा पनि गम्भिर सजायँ दिनु रहेको छ ।

ILO को (२०१०) को अध्ययन अनुसार नेपालका शहरी क्षेत्रहरुमा सडक बालबालिकाहरुको जम्मा संख्या ३९६५, काठमाण्डौं ९६०, धरानमा ८६१, पोखरामा ३९२, थियो भने बालकहरु ८८% र बालिकाहरु १२ % थिए । साथै सडक बालबालिकाको सामाजिक पक्ष सम्बन्धमा निम्न कुराहरु व्यक्त गरिएको छ ।

१. गाउँबाट शहरमा बसाईसराई, कठोर ग्रामीण जीवन, परिवारको ठूलो आकार र परिवारभित्र समस्याहरु वृद्धि हुने बढ्दो क्रम जस्ता कारणहरु नै बालबालिकालाई सडकमा पुऱ्याउन मुख्य रुपमा जिम्मेवार छन् । अन्य कारणहरुमा विकासमा बृहत् संरचनाहरु, अवसरहरु र आधुनिक सुविधाहरुयुक्त शहरी जीवन प्रतिको आकर्षण हुन सक्दछ ।

२. मृत्यु, पुनर्विवाह अथवा बहुविवाह जस्ता कारणले परिवारमा आएको महत्वपूर्ण परिवर्तनले बालबालिकालाई तिनीहरुको घरबाट बाहिर धकेल्ने वातावरणको सिर्जना भइरहेको हुन्छ । साथै साथीहरुको प्रभाव, अभिभावकका अपेक्षाहरु अथवा शहर हेर्ने रहरले ग्रामिण बालबालिकाहरु शहरी केन्द्रहरुमा पुग्दछन् । जहाँ, सामान्यतया धेरै प्रकारका कामहरु गर्दा शोषण भोगेपछि तिनीहरु अन्त्यमा सडक बालबालिका र Ragpickers हुन पुग्दछन् ।

३. सडक बालबालिका मध्ये धेरैजसो त्यस्ता एकल अभिभावक अथवा सौतेनी अभिभावक भएको परिवारबाट आएका छन् जो अशिक्षाको कारण बाल अधिकार र बाल विकासको बारेमा थोरैमात्र जानकारी राख्दछन् । त्यसैले बालबालिकालाई घर र आफ्नो वातावरणबाट टाढा सडक जीवनमा पुऱ्याउँन, सामाजिक सहयोगको अभाव र वर्तमान सामाजिक संरचनाले टेवा पुऱ्याईरहेको हुन्छ ।

UNESCO को २००५ को अध्ययनले काठमाण्डौमा Rag Pickers को अधिकतम संख्या ८५०, न्यूनतम संख्या ६४२ र बालिका २% भन्दा कम रहेको देखाएको थियो ।

CPCS (२००७) मा सडक बालबालिकाको सामाजिक पक्ष सम्बन्धमा निम्न कुराहरु व्यक्त गरिएको छ । द्वन्द, जनसंख्याको विस्थापन, बेरोजगारी, गरिबी, बिरामी, विद्यालयको अपर्याप्तता र अन्य धेरै कारणहरु सडक जीवन विताउने बालबालिकाहरुको बढ्दो संख्या प्रति आधारभूतरुपमा जिम्मेवार छन् । अन्य दुई अन्तर सम्बन्धित कारणहरुमा, पारिवारिक दुर्व्यवहार र बालबालिकाको परित्याग तथा HIV/AIDS द्वारा पारिवारमा परेको प्रभाव र बालबालिका माथि भाइरसको संक्रमण पनि यसका लागि जिम्मेवार छन् ।

बालबालिकालाई सडकमा पुऱ्याउन तान्ने र ठेल्ने धेरै कारणहरु छन् । गरिवी दुर्व्यवहार, पारिवारिक द्वन्द र स्वतन्त्रताको खोजी आदिलाई धेरै अध्ययनहरुले विशिष्ट कारणको रुपमा औंल्याएका छन् । धेरै जसो घटनामा थुप्रै कारणहरुको अन्तरक्रियाको नतिजा स्वरुप एउटा बालक वा बालिका सडकमा आईपुगेको पाईन्छ ।

धेरै बालबालिकाहरु सडकमा आउनुमा गरिबी र सीप कौशलविहिन परिवारको गलत व्यवहार जिम्मेवार छ । साथीसंगतीको दबाब, रोजगारीको अवसरको लागि शहर प्रतिको आकर्षण आदि त्यस्ता विषयहरु हुन् जसले तिनीहरुलाई शहरतिर खिच्न र अन्तत सडकमा पुग्न मद्दत गर्दछ ।

धेरै मानिसहरु सोच्दछन् कि बालबालिकाहरु सडकमा पुग्नाको मुख्य कारण गरिबी हो । तर अनुसन्धानहरुले सावित गरेका छन् कि यो नै पूर्ण सत्य होइन तर सत्यको एक भाग मात्र हो । त्यहाँ यस्ता अन्य धेरै कारणहरु छन् जसले उनीहरुलाई घरबाट बाहिर धकेलेर सडकमा पुऱ्याउँछ । यी मध्ये एउटा मुख्य कारण उपयुक्त पारिवारिक वातावरणको अभाव हो । घरेलु हिंसा, अभिभावकहरु बीचको नराम्रो सम्बन्ध, मादक पदार्थ अथवा लागु

पदार्थका दुर्व्यसनी अभिभावकहरु, सौतेनी अभिभावकको दुर्व्यवहार, अवसरको कमी, पारिवारिक माया तथा रेखदेखको अभाव आदि कारणहरुले बालबालिकालाई सडकमा पुऱ्याउन भूमिका खेलेको हुन्छ । त्यस पछिका साझा कारणहरु गरिबी र भोक हुन् । अपराध, शहरप्रतिको आकर्षण, साथीसगंतीको प्रभाव, हिंसात्मक व्यवहारको अनुभव र शोषण आदि अन्य कारणहरु हुन् ।

बालबालिकाहरु त्यहाँ उनीहरुको मागको कारणले मात्र सडकमा आइरहेका छैनन् । पृष्ठभागमा रहेको उनीहरुको घरमा यस्ता जटिल कारण्हरु विद्यमान छन् जसले उनीहरुलाई परिवार, समुदाय र विद्यालयबाट बाहिर ठेलिरहेको छ ।

सडक बालबालिकाहरु त्यस्ता परिवारबाट  आएका छन् जहाँ विखण्डन, द्वन्द र गरिबी छ । त्यस्तै ठूला मानिसहरुको मनोवैज्ञानिक दबाब, धार्मिक कट्टरता र अन्धविश्वास, राजनैतिक द्वन्द तथा जातीय युद्धले पनि उनीहरुलाई सडकमा ल्याएर फालेको छ । (CPCS: The Street Children in Kathmandu, 2007)

### २.१.२ सडक बालबालिकाको वर्तमान अवस्था सम्बन्धी अध्ययन

बाल सरोकार (२०६४) मा प्रकाशित लेख अनुसार सडक बालबालिकामा सुरक्षाको समस्या रहेको छ । जसले गर्दा उनीहरुले कमाएको पैसा राख्ने ठाउँ छैन । ज्यादै फोहोर र अस्वस्थकर ठाउँमा काम गर्नुपर्ने हुनाले उनीहरु सधैँ बिरामी भैरहन्छन् ।

लष्ट चाइल्डहुड (२०११) मा प्रकाशित CWIN को अनुसन्धानको लेख अनुसार, धेरैजसो घर छोडेर भागेका बालबालिकाहरु सुरुमा सानोतिनो होटल तथा चिया दोकानमा “कान्छा” को रुपमा भाँडा माझ्ने काम गर्दछन् । जहाँ १४ देखि १८ घण्टा काममा लगाउनुका साथै सानोतिनो गल्तीमा दुर्व्यवहार र कुटपिट गर्ने गरिन्छ जसले गर्दा तिनीहरु त्यस ठाउँबाट तलब नलिई भाग्ने गर्दछन् र खाली गोजी सडकमा आइपुग्दछन् । खाने केहि नभएपछि एकदुई दिन माग्ने काम गर्दछन् र पछि प्लाष्टिक आदि संकलन गर्ने सडक बालबालिकाको साथमा लागेर त्यस्तो काम थाल्दछन् । वर्षायाममा तिनीहरुले संकलन गर्ने प्लाष्टिक आदि सामानहरु भिज्ने हुनाले कवाड साहुले नकिन्ने हुनाले पैसाको अभावमा फोहरबाट खानेकुरा खोजेर खान र नपाएको खण्डमा भोकै सुत्न समेत बाध्य हुन्छन् । सोही लेख अनुसार सडक बालबालिकाहरु त्यस ठाउँमा नजिक सुत्न चाहँदैनन् जहाँ तिनीहरुले

पैसा आर्जन गरेका हुन्छन् । तिनीहरु सडकको पेटी र मन्दिरको पाटीमा सुत्ने गर्दछन् । कोही कोही आफुले प्लाष्टिक बेच्ने ठाउँमा सुत्दछन् जुन कवाड साहुले उपलब्ध गराएको हुन्छ । साधारणतया उनीहरु साँझ पर्नलाग्दा घामपानीबाट बच्न सक्ने सुनसान ठाउँ रोजेर सुत्ने गर्दछन् ।

बाल सरोकार (२०६४) मा प्रकाशित लेख अनुसार बोरा काँधमा हालेर भौतारिएको यी बालबालिकाहरु जहिले पनि सामाजिक अपहेलनाको शिकार हुने गर्दछन् । रहर होइन बाध्यताले फोहर टिपेर जीवन धान्ने यिनीहरुलाई सामान्य मानिसहरुले शंकाको दृष्टिले हेर्ने गर्दछन् भने पुलिसको आँखामा यिनीहरु काँडासरी रहेका हुन्छन् । राती मस्तसँग सुतेका बेला बिनाकरण पुलिसले समातेको, पिटेको, भएको पैसा लुटेको र थानामा लगेर थुनेको अनुभव सबैजसो सडक बालबालिकाहरुले संगालेका हुन्छन् । यिनीहरुका लागि जीवन कठोर, संघर्षशिल र असुरक्षित छ भने भविष्य अनिश्चित, खाने-लाउने-पढ्ने र माया ममता पाउने जस्तो आफ्नो नैसर्गिक अधिकारबाट वञ्चित यी सयौं बालबालिकाहरु अवहेलित र असुरक्षित त्यस्तो जीवन बिताउँदछन् जहाँ बालापनको मिठासको एक थोपा पनि छैन । त्यस्तै बाल सरोकार (२०४८) मा प्रकाशित लेख अनुसार सडक बालबालिकाहरु सडकका पाटी, पुराना मोटर ग्यारेज, मन्दिर र पाटीहरुमा रात विताउने गर्दछन् ।

बाल सरोकार (२०६७) मा प्रकाशित लेख अनुसार, सबैतिरबाट उपेक्षित भए पछि निराश भएर बालबालिका  सडक पेटीमा आश्रय लिन पुग्दछन् । प्रायः यिनीहरु सडकमा आएको पहिलो दिन भोकै रात बिताउन विवश भएका हुन्छन् । यहि विवशताको कारण फोहोरमा फ्याँकेको खानेकुरा टिपेर खान बाध्य हुन्छन् । यसरी भोकले रन्थन्आयपछि कसैले माग्न थाल्दछन् भने कसैले सडकमा नै जीवन बिताइरहेको अन्य खातेहरुसित परिचय गरेर तिनीहरुलाई साथी बनाइ तिनैबाट प्लाष्टिक टिप्ने काम सिक्दछन् । त्यस्तै बाल सरोकार (२०६७) मा प्रकाशित  अर्को लेख अनुसार, सडक बालबालिकाहरु सडकको पेटीमा सुतेका बेला प्रहरीले सुत्न नदिएर खेद्ने , पिट्ने, पक्रेर चौकीमा लैजाने, धेरै काम लगाउने, विभिन्न आरोपमा मुछेर यातना दिने व्यवहारबाट पिडित भएका हुन्छन् भने ठूला सडक बालबालिकाले पैसा लुटिदिने, लुगा खोसी दिने, सुत्ने बस्ने ठाउँबाट लखेट्ने जस्ता कुराबाट पिडित हुन्छन् ।

लिम्बु (२०६८) का अनुसार, समाजका हरेक सदस्यहरुबाट अवहेलना, दुर्व्यवहार र निरुत्साहनले गर्दा सडक बालबालिकाहरुमा हिनताको भावना तथा आत्मविश्वासको कमी भएर आउँदछ ।

कोइराला (२०६३) का अनुसार, सडक बालबालिकाहरु उमेर अनुसारको शिक्षा, दिक्षा, उचित स्वास्थ्योपचार, बाबु आमा र अन्य व्यक्तिको माया, मनोरञ्जन आदिबाट वञ्चित रहेका छन् । बाध्यतावश यस्ता कार्य गरी पेट पालिरहेका यस्ता बालबालिकाहरुलाई समाजका व्यक्तिहरुले बालश्रम शोषण गर्नुपर्ने साथै समय समयमा दुःख पनि दिने गरेको पाइएको छ । सोही लेख अनुसार सडकमा रहेका हुर्कदो उमेरका यी बालबालिकाहरु आजभोली भन्दै मागेर भएपनि दुःखसुख हुर्कदै जान्छन् । सानो छँदा मागेर भएपनि आफ्नो पेट भर्ने बालबालिकाहरु अलि ठूलो भएपछि केहि न केहि काम गर्नुपर्ने बाध्यता सिर्जना हुन्छ र विभिन्न कामहरु गर्न थाल्दछन् । जस्तै प्लाष्टिक टिप्ने र कवाडमा लगेर बेच्ने, होटलमा भाँडा माझ्ने, मन्दिरमा जुत्ता कुर्ने, गलैंचा बुन्ने आदि गरेर दुःखको जालोमा पिल्सिरहेका हुन्छन् । प्लाष्टिक टिपेर पेट पाल्ने बच्चाहरुलाई कवाडी साहुले पैसा चिन्दैन भनी ठग्नु, चिसो सामान नलिनु आदि गरेर अवरोध पुऱ्याउँदछन् । टोलटोलमा कामको दौरान फोहरमा सामान खोज्दै हिँड्दा कुकुरले लखेट्ने कुरा सामान्य हुन्छ । त्यस्तै होटलमा जुठो भाँडा माझेर पेट पाल्ने बालबालिकालाई होटल साहुले रातभरी सुत्न नदिने, विहान ४ वजे देखि रातको १२ बजेसम्म काममा लगाउने गर्दछन् । १८-२० घण्टा काममा जोत्ने, काम ढिला भयो भनेर पिट्ने, खाना खाने बेलामा बासी र सडेगलेको मात्र दिने गर्दछन् । मन्दिरमा जुत्ता हेर्ने बालबालिकाले थोरै थोरै गरेर जम्मा गरेको पैसा पनि ठूला मान्छेले खोस्ने, नदिएमा पिट्ने गर्दछन् । त्यस्तै गलैंचा बुन्ने बालबालिकाले समयमा खाना खान नपाउने, राती अवेरसम्म काम गरिरहनु पर्ने र बाहिर निस्कन नपाउने समस्याहरु पर्न जान्छन् । यस्तै यस्तै समस्या बाध्यता र अवरोधसँग जुधेर बालबालिकाहरु आफ्नो पेट पाल्न विवश छन् ।

### २.१.३ सडक बालबालिकाद्धारा समाजमा परेको प्रभाव सम्बन्धि अध्ययन

बालसरोकार (२०६४) मा प्रकाशित लेख अनुसार, सडक बालबालिकाको अभिभावक तथा रेखदेख गर्ने कोहि नभएकोले उनीहरु अश्लील चलचित्र हेर्न, स्म्याक्स र ड्रग्स एडिक्ट हुने हुनाले त्यसको असर परी अपराधमूलक कार्यहरुमा बढी आकर्षित हुने गर्दछन् । सोही

लेखमा सडक बालबालिकाले गर्ने कामको बारेमा उल्लेख गरिएको छ ; जसमा प्लाष्टिक टिप्ने, माग्ने, कहिले काँहि पाकेट मार्ने र चोरी गर्ने आदि पर्दछन् ।

CWIN (२०११) का अनुसार, कतिपय बालबालिकाहरु अलिक ठूलो भएपछि माग्ने र प्लाष्टिक आदि संकलन गरेको पैसाले सन्तुष्ट नभएर आपराधिक कार्यमा लागेर पैसा कमाउने सपना देख्न थाल्दछन् । यस्ता कार्यहरु २ प्रकारका छन् : पहिलो बजार क्षेत्र र बसपार्कमा पाकेटमारी गर्ने, दोश्रो कवाडखाना र घरहरुमा चोरी गर्ने ।

बाल सरोकार (२०६५) मा प्रकाशित लेख अनुसार, CWIN ले गरेको अध्ययनद्धारा काठमाण्डौंमा सुकुम्बासी बालबालिकाहरुले फोहोर टिपेर आफ्नो परिवारलाई सहायता गर्ने गरेको पाइएको छ । त्यस्तै बाल सरोकार (२०६८) मा प्रकाशित लेख अनुसार जस्तोसुकै स्थितिको सामना गर्नु परेपनि सडक बालबालिकाहरुले सडकमा स्वतन्त्रताको अनुभव गरेको हुन्छन् किनकी उनीहरुलाई बन्धनको पीडा भन्दा मुक्त ठाउँको पीडा ज्यादा प्यारो लाग्दछ ।

तामाङ (२०६७) का अनुसार, बालबालिकाले सडक जीवन सुरु गरेपछि सुरुमा बाध्यता जस्तो भएपनि पछि गएर आदत बन्न पुग्दछ । यस किसिमको प्रवृतिले उसलाई मात्र नभएर उसका कलिला भाइ बहिनीहरुलाई पनि असर पर्न जाने हुनाले भोली गएर उनीहरु पनि सडकमा नआउलान् भन्न सकिँदैन ।

ILO (२००६) अनुसार Rag Pickers हरुको कामको प्रकृति बहुआयामी हुन्छ । खाना तथा पैसाको तत्कालको आवश्यकता पुरा गर्न माग्ने तथा चोर्ने जस्ता असामाजिक क्रियाकलापमा समेत रुपान्तरित हुन सक्छ ।

CPCS (२००७) अनुसार, केहि सडक बालबालिकाहरु डकैती, ग्याङ्ग फाइट, यौन दुर्व्यवहार जस्ता हिसात्मक अपराधमा संलग्न भएको पाइन्छ । कतिपयले यस्ता व्यवहारलाई आफ्नो दैनिक जीवनमा बाँच्ने रणनीतिका रुपमा अपनाएका छन् । यदि उनीहरु यस्ता अपराधिक क्रियाकलापमा निरन्तर लागिरहे भने, यो अवस्था भविष्यमा बालबालिकाका लागि मात्र नभएर सिंगो समाजका लागि पनि निर्णायक सावित हुन सक्छ ।

बोरा काँधमा हालेर भौंतारिएका यी बालबालिकाहरु जहिले पनि सामाजिक अवहेलनाको शिकार हुने उल्लेख गरेका छन् । रहर होइन बाध्यताले फोहोर टिपेर जीवन

धान्न यिनीहरुलाई सामान्य मानिसहरु शंकाको दृष्टिले हेर्ने गर्दछन् भने पुलिसको आँखामा यिनीहरु काँडासरी रहेका हुन्छन् । राती सुतेको बेलामा पुलिसले समातेर पिटेको दर्द र पीडाहरु बालबालिकालै संगालेका हुन्छन् । यिनीहरुको भविष्य अन्धकार मय छ भने जीवन कठोर संघर्षशील र असुरक्षित छ , खाने , लाउने, पढ्ने र माया ममता पाउने जस्तो आफ्नै नैसर्गिक अधिकारबाट वञ्चित यी बालबालिकाहरु अवहेलना तथा असुरक्षित जीवन बिताउँछन् । जहाँ बालकपनको मिठासको एक थोपा पनि छैन भन्ने कुरा उल्लेख गरेका छन् (Voice of Children Nepal, 2012)।

सडक बालबालिकाहरु जस्तो सुकै स्थितिको सामना गर्नु परे पनि प्राय : यी बालबालिकाहरुलाई सडकको स्वतन्त्रता नै मनपर्ने गर्दछ । प्राय : समाजका मान्य व्यक्तिहरुबाट दवाइएका ऐन राज्यका निकायबाट समेत वेवास्ता गरिएकोले उनीहरुले आफ्नो बारेमा विवरण दिन चाहँदैनन् (केन्द्रिय बाल कल्याण समिति, २०७१) ।

सडक बालबालिका हुनुका कारण गरिबी भन्दा पनि बाबु आमाकाको अर्थात् अभिभावकहरुको दुर्व्यबहार, उचित रेखदेख र माया ममताको अभाव तथा केटाकेटीहरुको सानातिना गल्तीमा गम्भीर रुपले सजाय दिनु रहेको छ ( लिम्बु, २०६९) ।

देशमा बहुसंख्यामा जनताको आर्थिक दरिद्रता भएकोले तिनीहरुका केटाकेटीहरु सडकमा आइपुग्दछन् ( प्रधान, २०१३ ) ।

संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धीको पक्षधर भई नेपालले पनि बालबालिकाका सम्बन्धी ऐन २०४८ र नियमावली २०५१ लागू गरेको छ । यस्तै ऐन तथा नियमावलीले बालबालिकाहरुको लागि बालकल्याण गृह एवम् अनाथालयहरुको समेत सञ्चालन गर्नुपर्ने कानूनी व्यवस्था सृजना गरेका छन् । राज्यको मात्र प्रयासबाट स्थापित बालसुधार गृहको अवस्था अत्यन्तै दयनीय छ । बालबालिकाहरुलाई मात्र सेवा पुऱ्याउने उद्देश्यले स्थापित एकमात्र अस्पताल कान्ति बाल अस्पतालमा उपचारका लागि पुग्न सक्दैनन् ।

सडक बालबालिकाहरुको लागि समेत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न महिला , बालबालिका तथा समाज कल्याण मन्त्रालयले १० वर्षे राष्ट्रिय कार्ययोजना तयार गरी लागु

गरिसकेको छ । यस्ता कार्यक्रमहरुलाई आवश्यक सहयोग गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सञ्जाल समेत तयार भएको छ ।

काठमाण्डौ उपत्यकामा सडक बालबालिकाको उपस्थिति र अस्तित्व उपत्यकाको एउटा सडक बालबालिकाको परिस्थितिले हामीलाई सुध्रिन, संवेदजशील हुन र अझ बढी मात्रामा मानवीय हुन घच्घच्याएको छ । मुख्य रुपमा आर्थिक बिपन्नता र घरेलु कलहबाट सिर्जित यो परिस्थितिले हाम्रा कमजोर प्रतिबद्धताहरु कमै मात्र प्रभावकारी हुन सकेको क्रियाकलापहरुका विरुद्ध हाम्रै संवेदनशीलता सच्चा अर्थमा जाग्नुपर्ने र साँच्चै नै सकरात्मक परिवर्तनहरु हुनुपर्ने कुरा तर्फ इंगित गर्दछ किनकी नयाँ नेपाल निर्माण सबै बालबालिको र सपनाहरु र प्रतिभाको प्रस्फुटनबाट मात्र सम्भव छ ।

## २.२ सैद्धान्तिक समीक्षा

Cooley (1902) भन्नुहुन्छ, सडक बालबालिकाको समस्या मूलत : एक सामाजिक समस्या हो । जन्मदा मनुष्यले प्राप्त गरेको जैविक गुणहरु (Nature) लाई सामाजिकरणको प्रकृया (Nurture) ले अनुकुलन र विकास गर्दै एउटा सामाजिक प्राणीको रुपमा रुपान्तरण गर्दछ । समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा एउटा बाल अथवा बालिका सडक बालक/बालिका को रुपमा समाजिकरणकै प्रक्रियाको फलस्वरुप रुपान्तरित हुनेहुनाले प्रस्तुत सन्दर्भमा कूलीको सिद्धान्तलाई प्रस्तुत गरिएको छ ।

प्रत्येक बालकलाई यो जान्ने इच्छा हुन्छ की परिवार र परिवार बाहिर उसलाई कस्तो रुममा हेरिने गरिन्छ र यसैको आधारमा उसले आफ्नो बारेमा एउटा राय बनाउँदछ । यदि व्यक्तिहरु उसलाई प्रतिभाशाली, अनुशासित र व्यवहार कुशल मान्दछन् भने उसले आफ्नो बारेमा श्रेष्ठताको भाव राख्दछ । तर यसको विपरित यदि कसैले उसलाई बदमास, अनुशासनहीन र गलत मान्दछ भने, उसको मनमा आफ्नो बारेमा हीनताको भावना विकास हुन्छ । समाज कुनै व्यक्तिको बारेमा के सोच्दछ र फेरी उक्त व्यक्ति यस सन्दर्भमा के सोच्दछ , यो एक यस्तो प्रकृया हो जुन आजीवन चलिरहन्छ । यसै क्रिया र प्रतिक्रियाद्वारा व्यक्तिको आत्मको विकास हुन्छ । व्यक्तिले सामाजिक मूल्य, आदर्श र नियमहरुलाई यस कारण पालन गर्दछ की समाजले उसलाई एक राम्रो व्यक्तिको रुपमा स्वीकार गरोस् (समाजशास्त्र, अवधारणएँ एवं सिद्धान्त) । व्यक्तिलाई यदि लाग्दछ की अन्य

व्यक्तिहरुको धारणा उ प्रति सकारात्मक छैन, उसले समाजले आफूलाई स्वीकार नगरेको महशुस गर्दछ र समाजिक मूल्य, आदर्श र नियमहरुलाई अपहेलना गर्न थाल्दछ । सडक बालबालिकाको समस्यालाई पनि यसै सन्दर्भमा बुझ्न सकिन्छ ।

Marxism theory का अनुसार सामन्तवादी उत्पादन सम्बन्धको सहउत्पादनको रुपमा रहेका पारिवारिक हिंसा, दुर्व्यवहार र सौतेनी व्यवहारले असह्य भई बालबालिकाहरु घर छोडेर शहरतिर पलायन हुन बाध्य हुन्छन् । शहरमा उमेर , क्षमता र शीप आदिको अपरिपक्वताको कारणले सडकमा आश्रय लिनु बाहेक उनीहरुका लागि अर्को विकल्प रहदैन (Marx, 1956)।

## २.३ नीति तथा योजनागत समिक्षा

नेपाली समाज बालबालिका सम्बन्धि नीति परापूर्वकाल देखि नै केही न केही रुपमा रहि आएको देखिन्छ । पछि विभिन्न समयमा समयानुसार महासन्धि १९८९ लाई अनुमोदन गरेपछि अझ बालबालिका केन्द्रित नीतिहरुको विकास भएको पाइन्छ । नेपालमा नीतिगत दस्तावेजहरुमा संविधान ऐन नियमावली देखि कार्यविधि तथा निर्देशिका लगायतका हरेक तहका दस्तावेजबाट बाल अधिकार संरक्षणबा प्रयासहरु भएको देखिन्छ । बाल अधिकारको दृष्टिकोणले नेपालको अन्तरिम संविधान २०६३ निकै प्रगतिशिल भएको मान्न सकिन्छ । नेपालमा बालबालिका सम्बन्धि नीति निर्माण निम्न समयमा भएको पाइन्छ ।

- बालबालिका सम्बन्धि ऐन २०४८ (खनाल राजधानी पत्रिका, मंसीर ६ २०५८)
- नेपालको अन्तरिम संविधान २०६३ को धारा २२ मा बालबालिकाको हकको प्रावधान रहेको पाइन्छ ।
- नेपाल सरकारले बालबालिका सम्बन्धि राष्ट्रिय नीति २०६९ जारी गरेको छ । ( बाल सरोकार २०७०)
- नेपालको संविधान २०७२ को भाग ३ को दफा ३९ मा बालबालिकाको हकको प्रावधान रहेको छ ।

## २.४ पूर्व साहित्यिक समिक्षाको निष्कर्ष

पूर्व साहित्यको समिक्षाले सडक बालबालिकाको सामाजिक साथसाथै आर्थिक अवस्थाका बारेमा गरिएका साहित्यहरुको बारेमा प्रष्ट पार्न मद्दत पुग्यो । फरक फरक अनुसन्धानको ढांचा प्रयोग गरेर विभिन्न अध्ययनहरु गरिएका छन् ।

सडक बालबालिकाको सामाजिक अबस्थाको अध्ययन देश विदेशका विज्ञहरुबाट गर्दै आइएको देखिन्छ । पारिवारिक झै झगडा, गरिबी आर्थिक अभाव, बसाइसराई, प्रकृतिक र मानव निर्मित प्रकोप, शारिरिक तथा मानसिक हिंसा, अव्यवस्थित शहरीकरणहरु आदि जसका कारणले बालबालिकाहरु सडकमा जीवन विताउन बाध्य हुन्छन् । (Altanis & Goddard, 2004)

Rizzini & Rizzini (1991) अनुसार बहुसंख्यक बालकहरु जो सात देखी सत्र वर्षवीचका थिए । उनीहरुमध्ये धेरैजसो सुकुम्बासी बस्तीबाट र परिवार संगै बस्दै आएका थिए जसको घर छोडनुको मुख्य कारण आर्थिक अभाब र पारिवारिक विचलन मूख्य थियो । Lusk (1992), अनुसार वालवालिकाहरु परिवारको बेवास्ताको कारण दिनभरी सडकमा विताएर रात परेपछी मात्र घर फर्किन्छन । उनिहरु प्राय स्कूल जादैनन् र आवारा भएर हिडछन ।

नेपालको परिप्रेक्षमा यस बिषयमा धेरै कम खोज र अनुसन्धानहरु गरिएको छ । नेपालको सन्दर्भमा सडक बालबालिका मूख्य सामाजिक समस्याको रुपमा देखा परेका छन् । राजनैतिक परिर्वतनले पनि यो समस्यालाई न्यायोचित रुपमा सम्बोधन गर्न सकेको छैन (प्रधान, २००७) ।

सडक बालबालिकाहरु घरबार विहिन, आवारा, दुर्व्यसन र चरमरुपमा बेरोजगार हुन्छन् भन्ने तर्क गरिन्छ त्यसैले केही विज्ञहरुको विचारमा सडक बाललिकाहरु पिछडिएको वर्ग हुन् (Bhalla & Lapeyre 1999) ।

बालबालिकाहरु सडकमा काम गर्न र जिउन बाध्य हुन्छन् जसका विभिन्न कारणहरु हुने गर्दछन् । धेरै बालबालिकाहरुले पारिवारिक आय श्रोतमा मद्दत, परिवार भित्र हिंसा र अवहेलना, उनीहरु शिक्षा प्राप्त गर्न वञ्चित हुने गर्दछन । यि नकारात्मक अबस्थाहरुले गर्दा बालबालिकाहरु सडकलाई रोज्ने गर्दछन, जाहां उनिहरु स्वतन्त्र रुपमा बाँच्न पाउंदछन् (De Venanzi, 2003)।

Boyden(1991) का अनुसार काम दिने व्यक्तिहरुले सडक बालबालिकाहरु जवान र बलको कारणले उनीहरु जस्ता काम पनि गर्दछन् साथसाथै उनीहरु जति कम पैसामा पनि काम गर्न तयार हुन्छन् । अविभावकको हेलचेक्र्याँई, गरिबी, दुःख आदिजस्ता कारणले गर्दा बालबालिकाहरु घरबाट सडकमा आइपुग्छन् र यसकै फाइदा उठाउँदै मात्रै मानिसहरुले सडक बालबालिकालाई काम लगाएर उनीहरुको शोषण गर्न सक्दछन । शोषण यसकारण गरिन्छ कि, सडक बालबालिकाहरु तन्नेरी, साना, गरिव आफ्नो अधिकारको बारेमा अनविज्ञ र अनाथ हुन्छन् ।

Wasi (2002) का अनुसार सडक बालबालिकाहरुको शोषण हुन्छ किनभने उनीहरुलाई लामो समयसम्म विना खाना, विना सुरक्षा र निकै नै कम ज्यालामा उनीहरुलाई आफुले गरिरहेको कामको बारेमा अनभिज्ञ राखी काम लगाईन्छ यस्ता कामहरुले उनिहरुको शारिरिक र मानसिक विकासमा नराम्रो प्रभाव पर्न जान्छ ।

Thapa (2009) का अनुसार सडक बालबालिकाको गलत सरसफाइका कारणले उनीहरुमा स्वास्थ्य सम्बन्धी समस्या देखिएको छ । उनीहरुको बानी ब्यहोराका कारणले उनीहरुमा स्वास्थ्य सम्बन्धी समस्या देखिन्छ ।

धेरैजसो साहित्यहरुले बालबालकाको स्थितिलाई गहिरो रुपमा समालोचना गरिएका छैनन् र धेरैजसो अध्ययनले सडक बालबालिकाको तथ्यांक मात्र प्रस्तुत गरिएको छ । उनीहरुको सामाजिक आर्थिक स्थितिको बारेमा धेरै अध्ययन भएको छैन । विगतका अध्ययनहरु हेर्दा ती अध्ययनहरुमा धेरै समानता देखिन्छ तर समग्र रुपमा नेपालका सडक बालबालिकाहरुको सामाजिक आर्थिक मनोवैज्ञानिक स्थितिको वारेमा खोज तथा अनुसन्धानहरुको अभाव देखिन्छ । यस अध्ययनले त्यस अभावलाई थोरै रुपमा भएपनि परिपूर्ति गर्छ ।

# अध्याय -तीन

# अनुसन्धान विधि

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

सामाजिक अध्ययन भनेको एउटा यस्तो विषय हो जसमा वैज्ञानिक पद्धतिहरुको प्रयोग गरी गहन रुपमा अध्ययन गरिन्छ र अध्ययन गरिएको क्षेत्रबाट आफूलाई चाहिने सुचना तथ्याङ्कहरुको संकलन गरिन्छ । अनुसन्धान अध्ययनको सन्दर्भमा मोसर (Moser) को अनुसार "सामाजिक घटनाहरु र समस्याहरुका सम्बन्धमा नवीन ज्ञान प्राप्त गर्नका लागि गरिएको व्यवस्थित सोधपुछ नै समाजिक अनुसन्धान हो । यसरी कुनै पनि विषय सन्दर्भमा नयाँ ज्ञानहरु हाँसिल गर्नको लागि क्षेत्रको निर्धारण आवश्यक रहन्छ । तसर्थ काठमाण्डौ उपत्यकाको बसन्तपुर क्षेत्रलाई यस अध्ययनको क्षेत्र बनाइएको छ । यस स्थानमा सडक बालबालिकाको संख्या धेरै भएकोले यस अध्ययनको लागि उपयुक्त मानिएको हो । यस क्षेत्रमा प्राचीन कला तथा मन्दिर मठहरु भएकोले स्वदेशी तथा विदेशी पर्यटकहरुको धेरै मात्रामा आगमन हुने गर्दछ । यस बसन्तपुर क्षेत्र काठमाण्डौको केन्द्रमा रहेकोले दैनिक उपभोग्य समान किन्न आउने मानिसहरुको बाक्लो उपस्थिति रहन्छ । तसर्थ पर्यटक तथा अन्य व्यक्तिहरुको दान र बक्सिसको भरमा गुजारा गर्न सजिलो हुने गर्दछ । जसको कारण धेरै सडक बालबालिकाहरु यस क्षेत्रमा देखिने गर्दछन् ।

### ३.२ अनुसन्धानको ढाँचा

यस सोध अध्ययनमा बर्णात्मक अनुसान्धानको ढांचा प्रयोग गरिएको छ । अनुसन्धनको क्षेत्रमा वर्णात्मक अनुसन्धान भनेको अध्ययन बिषयको बारेमा विस्तृत ज्ञान प्राप्त गर्नु हो यही ढांचामा आधारित रहेर सडक बालबालिकाको सामाजिक अवस्था कारण आदिलाई सामान्य रुपमा वर्णन गरी प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा सडक बालबालिकाहरुसंग उत्तरहरु प्राप्त गर्दा सम्भावनारहित नमूना छनौट (Non Probability Sampling) को प्रयोग गरिएको छ । यसका अलावा प्रस्तुत शोध अध्ययनमा नमूना छनौट गर्दा सडक बालक र सडक बालिका दुवैलाई समावेश गरिएको छ, जसमा बालकको तुलनामा बालिकाको संख्या न्यून रहेको छ । त्यसै गरी यस

शोध अध्ययनमा सडक बालबालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षहरु, घर छोडेर सडकमा आउने कारणहरु, सडक जीवनका क्रियाकलाप र भोगाईहरु तथा समाजमा परेको समग्र प्रभाव जस्ता पक्षहरु समेटिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

सडक बालबालिकाको खास तथ्याङ्कको आधार नभएको हुनाले र आजका सडक बालबालिकाहरु भोलि नदेखिने हुँदा तथ्याङ्क हुँदा तथ्याङ्क कहाँबाट लिने भन्ने समस्या आई पर्नु स्वभाविक हो । सडक बालबालिकाहरुलाई अलग अलग भेटेर वास्तविकता जान्ने प्रयास गरिएकोछ । अध्ययनको क्रममा सूचीमा परेका सडक बालबालिकाहरुसँग बढी भन्दा बढी जानकारी लिनका लागि निम्न श्रोत एवं विधि अपनाइएको छ ।

#### १) प्राथमिक स्रोत

प्राथमिक अनुसन्धानको रुपमा अध्ययन क्षेत्रमा देखा परेका समसामयिक विविध घटनाहरुलाई समावेश गरी अर्न्तवार्ता अनुसूचीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । यो स्रोत अन्तर्गत अनुसन्धानकर्ता स्वयम् क्षेत्रमा गएर घटनाहरुको प्रत्यक्ष अवलोकन गरिएको छ । सहि सुचना प्राप्त गर्नको लागि अनुभवी र जानकार व्यक्तिहरुसँग सम्पर्क स्थापित गरि उनीहरुसँगको प्रत्यक्ष भेटघाटबाट जानकारी संकलन गरिएको छ ।

#### २) द्धितीय स्रोत

यस विषयसँग सम्बन्धित विभिन्न समयका लेख, रचना, किताब, अनुसंधानात्मक रिपोर्ट एवं गैरसरकारी संघ संस्थाका समय समयमा प्रकाशित हुने महत्वपूर्ण कुराहरुलाई यस अध्ययनमा द्धितीय तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ ।

### ३.४ नमुनाको छनौट

यस शोधग्रन्थको लागि काठमाण्डौ उपत्यकाको बसन्तपुर क्षेत्रमा रहने ५ वर्ष देखि १४ वर्ष उमेरका सडक बालबालिकाहरुलाई समग्र मानिएको छ । यस अध्ययनको लागि सम्भावनारहित नमूना छनौट (Non Probability Sampling) का आधारमा १८ जना सडक बालबालिकाहरुबाट तथ्याङ्क संकलन गरिएको छ । उक्त क्षेत्रहरुमा रहेका सडक बालबालिकाहरुको सूची नभएको हुँदा आकस्मिक नमूना छनोट (Accidental Sampling

Method) बाट तथ्याङ्क संकलन गरिएको छ । साथै १० जना जानकार व्यक्तिसँग सूचना लिइएको छ ।

### ३.५ तथ्यांकको व्याख्या र विष्लेषण

यस अनुसन्धानबाट प्राप्त विभिन्न प्राथमिक तथा द्वितीयक तथ्यांक र सूचनाहरुलाई यसको प्रकृतिको आधारमा वर्गिकरण, तालिकीकरण गरी विष्लेषण गरिएको छ । यसमा गुणात्मक प्रकृतिको तथ्यांकलाई आवश्यकतानुसार व्याख्या विष्लेषण गरिएको छ, भने संख्यात्मक प्रकृतिका तथ्यांकहरुलाई क्रमवद्ध रुपमा तालिकामा प्रस्तुत गरी प्रतिशतमा वर्णन गरिएको छ ।

### ३.६ अध्ययनको सीमा

कुनैपनि अध्ययन गर्दा त्यसको निश्चित सीमा तोकिएको हुनु पर्दछ । यसबाट अनुसन्धानकर्तालाई सही निर्णय लिन सजिलो हुन्छ । यस अध्ययनमा सिमित श्रोत साधनको अभावका कारणले गर्दा निश्चित उदेश्य प्राप्त गर्नका लागि विभिन्न सिमाहरु निर्धारण गरिएको जस अनुसार, वडा नं. १७ बसन्तपुर क्षेत्रका सडक बालबालिकाको सामाजिक अवस्थाको कारणमाथि आधारित रहेको छ, त्यस्तै यो अध्ययन क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुमध्ये छनोटमा परेकासंग मात्र सिमित रहेको छ यसरी नै यस अध्ययनले निश्चित क्षेत्रका बालबालिकाको सामाजिक अबस्था कारणलाई मात्र समेटने भएकोले सम्पूर्ण नेपाली सडक बालबालिकाको सामाजिक अवस्था र कारणहरुलाई प्रतिनिधित्व गर्न सकिदैन ।

यस अध्ययनमा एउटा सीमित क्षेत्रलाई समेटिने छ । यस अध्ययनले अन्य क्षेत्रका सडक बालबालिकाको सामाजिक, आर्थिक अवस्था सँग कतिपय तथ्यगत कुराहरु नमिल्न पनि सक्छ तर पनि यस अध्ययनमा निकै हदसम्म सडक बालबालिकाको सामाजिक अवस्थालाई औंल्याउने कोशिश गरिएको छ ।

### ३.७ तथ्याङ्क संकलनका विधिहरु

#### ३.७.१ अवलोकन

यो विधी तथ्यांक संकलनमा एउटा भरपर्दो माध्ययम हो जसका मद्धतले सोधकर्ताले आफै विषयगत परिवेशको सघन अध्ययन गर्न सक्दछन । यस विधि अन्तर्गत सडक

बालबालिकाहरुको वासस्थान, उनिहरुको रहनसहन, चालचलन, समाजमा उनिहरुप्रतिको दृष्टिकोण र विचारको प्रत्यक्ष अवलोकन गरियो । यसका लागि काठमाडौ महानगरपालिका वडा नं. १७ वसन्तपुरमा केही दिन सडक बालबालिकाहरुको समक्ष रही उनिहरुको प्रत्यक्ष अवलोकन गरियो ।

### ३.७.२ अर्न्तवार्ता

यो विधि पनि तथ्यांक संकलनमा एउटा भरपर्दो माध्यम हो जसका माध्यमबाट शोधकर्ताले उत्तरदाताको भित्री मनोभावनाको ब्याख्या गर्न सक्दछन । सडक बालबालिकाको कुनै निश्चित बासस्थान नभएको हुँदा तिनीहरु जहाँ भेटिन्छ त्यहीं नै प्रश्न सोधिएको छ । यस विधि अन्तर्गत अन्तर्वाता, प्रश्नावलीको प्रयोग  गरियो । काठमाण्डौं महानगरपालिका वडा नं. बसन्तपुर छेउछाउमा रही आएका १८ जना सडक बालबालिकाहरुलाई नमुना छनौट गरियो । उनीहरुलाई उनिहरुको बाबुआमा, आयआर्जन, शिक्षादिक्षा, घर छोडनुको कारण, वर्तमान वासस्थान, खानपान आदिको वारेमा प्रश्न गरियो र प्रश्नावली भरियो ।

### ३.७.३ जानकार व्यक्तिहरुसँगको अर्न्तवाता

सडक बालबालिकाहरुको बारेमा जानकारी भएका १० विशेषज्ञ व्यक्तिहरुबाट पनि तथ्याङ्क संकलन गरिएको छ । विशेषज्ञ व्यक्तिहरुमा त्यस स्थानमा रहेका व्यवसायी, व्यापारी, सामाजिक कार्यकर्ता तथा गैससहरुलाई समावेश गरिएको छ । यो विधिमा सोधकर्ताले विषयवस्तु सम्बन्धी जानकारी विभिन्न जानकार व्यक्तिहरुबाट लिन सक्दछन् । यस अर्न्तगत सडक बालबालिकाहरुको बारेमा जानकारी भएको १० विशेषज्ञ व्यक्तिहरुलाई आकस्मिक नमुना छनौटका आधारमा छनौट गरियो । यस अर्न्तगत उनीहरुलाई सडक बालबालिकाहरुसंगको सम्बन्ध, धारणा, उनीहरुको बारेमा सोच र यस समस्याको समाधानका बारेमा प्रश्न गरेर  तथ्याङ्क सङ्कलन गरियो ।

# अध्याय चार

## सडक बालबालिकाको सामाजिक अवस्थाको तथ्याङ्क र विश्लेषण

कुनैपनि अध्ययन एवं अनुसुन्धानको क्रममा उपयुक्त पद्यतिको प्रयोग गरि उद्देश्य अनुसारको आवश्यक तथ्याङ्क सङ्कलन गरिन्छ र सङ्कलित तथ्याङ्कहरुलाई उचित विधिको प्रयोग गरि विश्लेषण गरि प्रस्तुत गरेपछि मात्र अध्ययन अनुसुन्धानले औचित्यता, सार्थकता एवं पूर्णता प्राप्त गर्दछ । यसैले यहांपनि संकलन गरिएको तथ्याङ्कहरुलाई त्यसको प्रकृति अनुसार वर्गिकरण गरिएको छ । यसरी वर्गिकरण गरिएका तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका बनाई सूचनाहरुलाई तुलनायोग्य र विश्वसनीय बनाउन उचित विधिको प्रयोग गरि तथ्याङ्कलाई प्रतिशतमा प्रस्तुत गरि व्याख्या एवं विश्लेषण गरिएकोछ । प्रस्तुत शोध अध्ययनको क्रममा सडक बालबालिकाहरुबाट उनिहरुको सामाजिक, आर्थिक अवस्था, उनीहरुलाई घर छोडेर सडकमा आउन बाध्य पार्ने कारणहरु तथा उनीहरुको सडक जीवनका अनुभवहरुसंग सम्बन्धित प्रश्नहरुको उत्तर प्राप्त गरिएको छ । त्यस्तै समूदायका सदस्यहरुबाट सडक बालबालिकाहरुद्वारा समाजमा पर्न गएको समग्र प्रभाव सम्बन्धि सूचनाहरु प्राप्त गरिएको छ । सडक बालबालिकाहरुद्वारा प्राप्त उत्तरलाई निम्न अनुसार व्याख्या विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

### ४.१.अर्न्तवार्तावाट प्राप्त जानकारीको विश्लेषण

अध्ययन क्षेत्रमा पाइएका सडक बालबालिकाहरुको सामाजिक पक्षलाई दृष्टिगत गर्दा तिनीहरु अधिकतम रुपमा पारिवारिक वातावरणबाट विचलित भएर सडक जीवनयापन गर्न वाध्य भएका देखिन्छन् । यस अध्ययन क्षेत्रबाट लिइएको सडक बालबालिकाहरुको स्थलगत निरीक्षण अनुसार प्रथमतः आमाबाबु नभएका अधिकतम सडक बालबालिकाहरु रहेको पाइयो । त्यस्तै सौतिनी आमा बाबुका कारणले पारिवारले वास्ता नगरेर तथा विविध पारिवारिक तथा सामाजिक दु:खमा हुर्किनु परेको कारण त्यस्ता पारिवारिक तथा सामाजिक वातावरणबाट आफूलाई स्वतन्त्रता दिलाउने क्रममा सडकमा आएको पाईयो । यसरी उनीहरुको पारिवारिक जीवनमै एक दु:ख लाग्ने स्थितिको सृजना भएर सामाजिक वातावरणमा समेत आफूलाई एक्लोपनको अनुभव गरेर सडकमा जीवनयापन गर्न क्रम

देखियो । यही कुरालाई औंल्याउने क्रममा सडक बालबालिकाहरुको सामाजिक जीवनको बारेमा स्थलगत निरीक्षण अनुसार विश्लेषण गर्न खोजिएको छ ।

### ४.१.१ उत्तरदाताको जन्मस्थान

यस अध्ययनमा समावेश भएका सडक बालबालिकाहरुको स्थायी बसोवास निम्न अनुसार रहेको पाईएको छ । सिन्धुपाल्चोक र धादिङ्गबाट सबैभन्दा बढी, त्यसपछि काठमाण्डौं, सोलुखम्बु, चितवन र गोरखाबाट सडक बालबालिकाहरु अधिक संख्यामा पाइएको छ जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका १ : उतरदाताको जन्मस्थान सम्बन्धि विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सिन्धुपाल्चोक | ३ | १६.६ |
| २. | धादिङ्ग | ३ | १६.६ |
| ३. | काठमाण्डौं | २ | ११.२ |
| ४. | सोलुखम्बु | २ | ११.२ |
| ५. | चितवन | १ | ५.५ |
| ६. | गोरखा | १ | ५.५ |
| ७. | दोलखा | १ | ५.५ |
| ८. | भक्तपुर | १ | ५.५ |
| ९. | सिन्धुली | १ | ५.५ |
| १०. | मकवानपुर | १ | ५.५ |
| ११. | काभ्रे | १ | ५.५ |
| १२. | स्याङ्गजा | १ | ५.५ |
| कुल संख्या | | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १ मा पाइएको तथ्याङ्क अनुसार सिन्धुपाल्चोक र धादिङ्गबाट १६.६ प्रतिशत, काठमाण्डौं र सोलुखम्बुबाट ११.२ प्रतिशत, चितवन र गोरखाबाट ५.५ प्रतिशत, दोलखा, भक्तपुर, सिन्धुली, मकवानपुर, काभ्रेपलान्चोकबाट ५.५ प्रतिशत, ललितपुर, नुवाकोट, स्याङ्गजाबाट ५.५ प्रतिशत पाइएकोछ । माथि उल्लेखित जिल्लाहरु पहाडी जिल्ला

भएकाले त्यहाँको जनजीवन कष्टकर भएको कारण बालबालिकाहरु काठमाण्डौंको सडकमा आइपुगेको देखियो । माथिको तथ्याङ्क अध्ययन गर्दा धेरैजसो बालकबालिकाहरु काठमाण्डौं छिमेकी जिल्लाबाट सडकमा आइपुगेका देखियो । काठमाण्डौबाट टाढा रहेको जिल्लाबाट पनि केही बालबालिकाहरु सडकमा आइपुगेका माथिको सर्वेक्षणबाट देखिएको छ ।

### ४.१.२ ग्रामीण/शहरी क्षेत्रबाट आएका उत्तरदाताहरुको विवरण

यस अध्ययनमा समावेश भएका काठमाण्डौंका सडक बालबालिकाहरुमध्ये अत्यधिक बालबालिकाहरु ग्रामिण क्षेत्रबाट आएका छन् भने शहरी क्षेत्रबाट आएका अत्यन्त न्यून संख्यामा देखिन्छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : उत्तरदाताहरु आएका क्षेत्रको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ग्रामीण क्षेत्रबाट आएका | १६ | ८८.८ |
| २. | शहरी क्षेत्रबाट आएका | २ | ११.२ |
| ३. | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २ मा देखाए अनुसार काठमाण्डौंका सडक बालबालिकाहरुको तथ्याङ्क नियाल्दा ग्रामीण क्षेत्रबाट आएका बालबालिकाहरु ८८.८ प्रतिशत र शहरी क्षेत्रबाट आएका ११.२ प्रतिशत पाइएको छ ।

बालबालिकाहरुको हक अधिकार प्रति रोकावट पैदा गर्ने समाजिक मूल्य मान्यताहरुले गर्दा धेरै बालबालिकाहरु घर छोडेर शहरका सडकहरुमा आइपुग्न वाध्य हुन्छन् । वास्तवमा भन्ने हो भने ग्रामिण क्षेत्र नै काठमाण्डौंका सडकमा बालबालिकाहरु भित्रिने प्रमुख क्षेत्र हुन् भन्ने तथ्यलाई सर्वेक्षणले देखाएको छ ।

### ४.१.३ लिङ्गको आधारमा सडक बालबालिकाको अध्ययन

अध्ययन क्षेत्रमा पाईएका सडक बालबालिकाहरुको प्रश्नावली लिने क्रममा सडक बालकको अधिक रुपमा रहेको र बालिकाहरु न्यून रहेको तथ्याङ्क तलको तालिकाबाट देखाईएको छ ।

**तालिका ३ : लिङ्गको आधारमा उत्तरदाताको विवरण**

| क. सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | केटा | १५ | ८३.४ |
| २ | केटी | ३ | १६.६ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ३ मा पाइएको तथ्याङ्क अनुसार सडक बालबालिकाहरुमध्ये ८३.४ प्रतिशत बालक र १६.६ प्रतिशत बालिका रहेको छ । यस क्षेत्रमा बालकहरुले आफूलाई स्वतन्त्र ठान्नु तथा सामाजिक परिवशबाट पनि मुक्त पाउनाले सडकमा काम र मामको खोजी गर्दै आएको देखिन्छ ।

त्यस्तै सडक बालिकाहरुको न्यून हुनुका पछाडी नेपाली सामाजिक परिवेश रहेको देखिन्छ । त्यस्तै वर्तमान नेपाली समाजलाई दृष्टिगत गर्दा पुरुषहरु प्रत्येक क्षेत्रमा अग्रसर रहेका तथा गौण देखिन्छ । यही कुरालाई आधार मानेर हेर्दा सर्वेक्षण गरेको अध्ययन क्षेत्रमा पनि सडक बालकहरु अत्याधिक र सडक बालिकाहरु निकै नै कम मात्रामा पाइएको छ । यसको श्रेय विद्यमान नेपाली सामाजिक अवस्थालाई जान्छ ।

### ४.१.४ उमेरको आधारमा सडक बालबालिकाहरुको अध्ययन

अध्ययन क्षेत्रमा पाइएका सडक बालबालिकाहरु ५ वर्षभन्दा माथिका बोल्न, हिंडडुल गर्न सक्ने पाइयो । यस्ता सडक बालबालिकाहरु पूर्णतः परिपक्व भएर जीवन बिताउन सक्ने अवस्थामा रहेको देखिन्छ । यही कुरालाई विस्तृत रुपमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ४ : उत्तरदाताको उमेरको वर्गिकरण**

| क.सं. | उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८ वर्ष भन्दा कम | ३ | १६.६ |
| २ | ९-१३ | १० | ५५.४ |
| ३ | १३ वर्ष भन्दा माथि | ५ | ३० |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

अध्ययन क्षेत्रबाट लिइएका सडक बालबालिकाहरुको वर्गिकरण गर्दा सबैभन्दा बढी १३-१६ वर्षका सडक बालबालिकाहरु ६५ प्रतिशत, ९-१२ वर्षका ३० प्रतिशत, ५-८ वर्षका १६.६ प्रतिशत रहेको पाइयो, जसलाई तालिका नं ४ बाट प्रष्ट्याइएको छ ।

यस अध्ययनबाट के देखिन्छ भने बढी उमेर भएका सडक बालबालिकाहरु आफ्नो घर त्यागी सजिलै सडक जीवन गुजार्न सक्दा रहेछन् । उनीहरु आफू स्वतन्त्र रुपमा बस्न सक्ने र जुनसुकै कार्य गरेर भए पनि जीवन गुजारा गर्न सक्ने पाइयो । त्यस्तै कम उमेर भएका सडक बालवालिकाहरु न्यून देखिनुका पछाडी संघर्षमय जीवन व्यतित गर्न शारिरिक रुपले असक्षम भएको पाइयो ।

### ४.१.५ जातजातीको आधारमा सडक बालबालिकाहरुको तथ्याङक

यस अध्ययनमा समावेश भएका काठमाडौका सडक बालबालिकाहरुमध्ये अत्याधिक बालबालिकाहरु तामाङ्ग जातिका पाइयो । प्रस्तुत शोध अध्ययनमा पाइएको तथ्याङ्क अनुसार जातजातिको आधारमा काठमाण्डौं सडक बालबालिकाहरुको संख्या निम्न अनुसार रहेको छ ।

**तालिका ५ : उत्तरदाताको जातिय पृष्ठभूमि**

| क. सं. | जति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तामाङ्ग | ६ | ३३.३ |
| २ | ब्राम्हण | ३ | १६.६ |
| ३ | क्षेत्री | ३ | १६.६ |
| ४ | दमइ | २ | ११.२ |
| ६ | लिम्बु | २ | ११.२ |
| ७ | विश्वकर्मा | २ | ११.२ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ५ मा अनुसार यस अध्ययन क्षेत्रमा रहेका सडक बालबालिकाहरु मध्ये तमाङ्ग बालबालिकाहरु सबैभन्दा बढी ३३.६ प्रतिशत रहेका छन् । ब्राम्हण र क्षेत्री प्रत्येक

१६.६ प्रतिशत, दमाई ११.२ प्रतिशत, लिम्बु ११.२ प्रतिशत र विशवकर्मा ११.२ प्रतिशत छन् ।

तमाङ्ग जातिहरु नेपालको कुल जनसंख्याको ५.५१ प्रतिशत भएपनि काठमाण्डौं वरिपरिका जिल्लाहरुमा तामाङ्गहरुको बसोवास भएको र उनीहरुको आर्थिक, सामाजिक हैसियत कमजोर भएको कारण उनीहरुका बालबालिका सडकमा आएको देखिन्छ ।

तामाङ्गपछि यस अध्ययन क्षेत्रमा ब्राम्हण र क्षेत्री सडक बालबालिकाहरुको संख्या बढी रहेको पाइएको छ । आर्थिक सामाजिक हैसियत अन्य जातिहरुभन्दा तुलनात्मक रुपमा राम्रो भएपनि उनीहरुका बालबालिकाहरु प्रशस्त मात्रामा सडकमा आउनुको पछाडी नेपालमा ब्रम्हाण क्षेत्रीको बाहुल्यता रहनु हो । अन्य जातिहरुको न्यूनताको पछाडि काठमाण्डौंबाट टाढाको बसोवास, जनसंख्याको न्यूनता तथा अन्य सामाजिक सांस्कृतिक कारणहरु पर्दछ ।

### ४.१.६ परिवार सदस्य संख्या

प्रस्तुत शोध अध्ययनमा समावेश सडक बालबालिकाहरुको परिवारको सदस्य संख्या यस प्रकार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : उत्तरदाताको परिवार सदस्य संख्या**

| क.सं. | परिवार सदस्या संख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ३ जनासम्मका परिवार | १ | ५.६ |
| २. | ५ जनासम्मका परिवार | ५ | २७.७८ |
| ३. | ७ जनासम्मका परिवार | ८ | ४४.४ |
| ४. | ९ जनासम्मका परिवार | ३ | १६.६ |
| ५. | ९ जनाभन्दा माथिका परिवार | १ | ५.६ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ६ मा अनुसार ३ जनासम्म परिवार भएका ५.६ प्रतिशत, ५ जनासम्मको परिवार भएका २७.७८ प्रतिशत, ७ जनासम्मको परिवार भएका ४४.४

प्रतिशत र ९ जनासम्मको परिवार भएका १६.६ प्रतिशत र ९ भन्दा माथि परिवार भएका ५.६ प्रतिशत पाइएको छ ।

७ जनासम्म सदस्य संख्या भएको परिवारबाट आएका सडक बालबालिकाहरुको संख्या यस अध्ययन क्षेत्रमा सबैभन्दा ज्यादा रहेको छ । त्यसपछि क्रमशः ५ जना र ९ जनासम्म सदस्य संख्या भएको परिवारबाट आउनेहरुको संख्या अधिक रहेको छ । धेरै ठूलो र धेरै सानो परिवारबाट आएका सडक बालबालिकाहरुको संख्या न्यून: रहेको छ । धैरै सन्तान हुनुको कारणले बालबालिकामा आधारभूत आवश्यकताको पूर्ति गर्ने इच्छाको भावनाले उनीहरु सडक बालबालिका हुन पुग्दछन् ।

### ४.१.७ बाबु/आमाको अवस्था

यस अध्ययन क्षेत्रमा रहेका सडक बालबालिकाको बाबुआमाको सम्बन्धमा लिईएको तथ्याङ्क अनुसार बाबुआमा नभएको बालबालिका अधिक रुपमा पाइएको छ भने बाबु आमा भएको बालबालिका न्यून संख्यामा पाइएको छ । केही बालबलिकाको बाबु मात्र भएको र केहीको आमा मात्र भएको पाइएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : उत्तरदाताको बाबुआमा भए/नभएको**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बाबु आमा भएको | २ | ११.१ |
| २. | बाबु आमा दुबै नभएको | ८ | ४४.४ |
| ३. | बाबु मात्र भएको | ५ | २७.७ |
| ४. | आमा मात्र भएको | ३ | १६.७ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ७ मा अनुसार बाबुआमा भएको बालबालिका ११.१ प्रतिशत, बाबुआमा नभएको ४४.४ प्रतिशत, बाबु मात्र भएको २७.७८ प्रतिशत र आमा मात्र भएको १६.७ प्रतिशत पाइएको छ ।

यस अध्ययन क्षेत्रमा बाबुआमा नभएको सडक बालबालिकाहरु अत्याधिक संख्यामा रहेका छन् । बाबुआमा भएको बालबालिकाहरु पनि  सडकमा पाइनुको कारण बाबुहरुमा भएको जिम्मेवारी बोधको कमी, सन्तानको उचित रेखदेख नगर्नु, माया ममता र शिक्षा दिक्षामा राम्रो ध्यान नदिनु, सानोतिनो गल्तीमा ठूलो सजाय दिनु, कुलतमा लाग्नु, सन्तानलाई दुर्व्यवहार गर्नु आदि रहेको देखिन्छ । त्यस्तै कतिपय बालबालिकाहरु बाबु मात्र भएको र आमा मात्र भएको कारणले उचित रेखदेख र संरक्षणको अभावमा दिशाहिन भइ सडकमा आइपुगेको पाइन्छ ।

### ४.१.८ सौतेनी आमा भए/नभएको अवस्था

यस शोध अध्ययनमा समावेश भएका सडक बालबालिकाहरु मध्ये सौतेनी आमा नभएका बालबालिका बढि संख्यामा र सौतेनी आमा भएका बालबालिका कम संख्यामा पाइएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।  ४४.४ प्रतिशत र नभएकाहरु ५५.५६ प्रतिशत पाईएको छ ।

**तालिका ८ : उत्तरदाताको सौतेनी आमा भए नभएको विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सौतेनी आमा भएका | ८ | ४४.४ |
| २. | सौतेनी आमा नभएका | १० | ५५.५६ |
| | जम्मा | १८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण: २०७३

तालिका नं. ८ मा देखाईए अनुसार  सौतेनी आमा भएका ४४.४ प्रतिशत र नभएका ५५.६ प्रतिशत पाइएको छ ।

सौतेनी आमा हुने बालबालिकाहरु कम देखिए पनि उनीहरु मध्ये अधिकांश सौतेनी आमाको दुर्व्यवहारले घर छोड्न बाध्य भएको पाईन्छ । त्यस्तै सौतेनी आमा नहुने बालबालिकाहरु धेरै रहेता पनि उनीहरु अन्य विभिन्न कारणले घर त्यागेको पाइन्छ ।

### ४.१.९ बाबुका विशेष बानी/लतहरु

यस अध्ययनमा समावेश भएका सडक बालबालिकाहरुका बाबुहरुका विशेष बानी/लतहरुमा सबैभन्दा धेरैमा रक्सी सेवन गर्ने लत लागेको देखिन्छ। रक्सी मात्र सेवन गर्ने र दुवै चीज सेवन गर्नेको संख्या जोडेर हेर्दा बहुसंख्यक बाबुहरुमा नशा सेवन गर्ने बानीले जरो गाडेको देखिन्छ, जसलाई निम्न तालिकामा देखाइएको छ।

**तालिका ९: उत्तरदाताको बाबुका विशेष बानी/लतहरु**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रक्सी सेवन गर्ने | ९ | ५०.०० |
| २ | धुम्रपान गर्ने | ५ | २७.७८ |
| ३ | रक्सी सेवन र धुम्रपान दुवै गर्ने | ४ | २२.२ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ९ लाई अध्ययन गर्दा प्रत्तुत शोध अध्ययनमा समावेश भएका मध्ये रक्सी सेवन गर्ने ५० प्रतिशत, धुम्रपान गर्ने २७.७८ प्रतिशत, रक्सी सेवन र धुम्रपान दुवै लत भएका २२.२ प्रतिशत, पाइएको छ।

यस अध्ययन अन्तर्गत घरायसी हिंसा र दुर्व्यवहारका कारण बालबालिकाहरुमा नकारात्मक असर परेर उनीहरु ज्यादा हुन्छन् भन्ने तथ्यलाई देखिएको छ। यसका साथै धुम्रपमान गर्नेहरु पनि धेरै संख्यामा रहेका छन् भने रक्सी र धुम्रपान दुवै लत भएका बाबुहरुको संख्या पनि उल्लेखनीय रहेको पाइनछ। उनीहरु केहि समयका लागि भए पनि वास्तविकताबाट विमुख हुन तथा अरुका सामु देखावटी र ठालुपन प्रस्तुत गराउन रक्सी सेवन तथा धुम्रपान सेवन गर्छन्। यसैगरी कुसंगत पनि मुख्य कारण रहेको पाईएको छ।

### ४.१.१० आमा/सौतनी आमाका विशेष बानी/लतहरु

यस अध्ययनमा समावेश भएका सडक बालबालिकाहरुका आमा/सौतनी आमाहरुमा भएका विशष बानी/लतहरुलाई हेर्दा सबैभन्दा धेरै धुम्रपान गर्ने र केही रकसी सेवन गर्ने गरको देखिन्छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १० : उत्तरदाताको आमा/सौतेनी आमाका विशेष बानी लतहरु**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रक्सी सेवन गर्ने | ४ | २२.२ |
| २ | धुम्रपान गर्ने | ४ | २२.२ |
| ३ | कुनै पनि लत नभएका | १० | ५५.५६ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १० लाई हेर्दा रक्सी सेवन गर्ने २२.२ प्रतिशत, धुम्रपान गर्ने २२.२ प्रतिशत, र कुनै पनि लत नभएकाहरु ५५.५६ प्रतिशत र मृत्यु भएका ५.६ प्रतिशत छन् ।

बहुसंख्यक आमा/सौतिनी आमाहरुमा लतको स्थिति नभएको देखिन्छ । बाबुहरुको तुलनात्मक अध्ययन गर्दा आमाहरुमा लत न्यून देखिन्छ । माथिको तथ्याङ्कलाई हेर्दा बाबुको तुलनामा आमाहरुमा कम लत भएको देखिन्छ । पुरुष प्रधान समाजमा सो तथ्याङ्क हुनुलाई स्वभाविक मानिन्छ ।

### ४.१.११ शैक्षिक अवस्था

यस शोध अध्ययनमा समावेश भएका सडक बालबालिकाहरु मध्ये प्रथमिक तह सम्म अध्ययन गरेका बालबालिका अधिक संख्यामा पाइएको छ । त्यस्तै विद्यालय भर्ना नभएकाको संख्या पनि उल्लेखनीय रहेको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : उत्तरदाताको शैक्षिकस्तर**

| क.सं. | शैक्षिकस्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पूर्व प्राथमिक तह | २ | ११.१ |
| २. | प्राथमिक तह | ८ | ४४.४ |
| ३. | प्राथमिक तहमाथि | २ | ११.१ |
| ४. | विद्यायलय भर्ना नभएका | ६ | ३३.३ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ११ मा देखिए अनुसार पूर्व प्राथमिक तहसम्म पढेका ११.१ प्रतिशत, प्राथमिक तहसम्म पढेका ४४.४ प्रतिशत, प्राथमिक तहमाथि पढेका ११.१ प्रतिशत रहेको पाईएको छ भने विद्यालय भर्ना नहुनेहरु ३३.३ प्रतिशत रहेका छन् ।

पूर्वप्राथमिक तह र प्राथमिक तह माथि अध्ययन गरेका बालबालिका पनि केही न्यून: संख्यामा रहेका छन् । शिक्षाको महत्व नबुभ्नाले, खेतीपातीमा लागेर पढाईलाई निरन्तरता दिन नसक्नाले, बाबुआमा काममा जाँदा भाईबहिनीको रेखदेख गर्नु पर्नाले अथवा आर्थिक अवस्था कमजोर भएकाले उच्च तहमा कम भर्ना भएको पाईन्छ ।

### ४.१.१२ विद्यालय बिचैमा छोड्ने कारणहरु

यस अध्ययन क्षेत्रमा रहेका सडक बालबालिकाहरुमध्ये अधिकांशले विद्यालयमा भर्ना भएर पढाई बीचमा त्यागेको पाईएको छ । सबैभन्दा बढी बालबालिकाले अभिभावकले काम लगाईएकोले पढाईलाई बीचैमा छोड्नु परेको देखिन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : उत्तरदाताले विद्यालय वीचैमा छोड्ने कारणहरु**

| क. सं. | विद्यालय विचैमा छाड्ने कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अभिभावकले काममा लगाएकोले | ६ | ३३.३ |
| २. | अभिभावक विहिन/टुहुरो भएर | ३ | १६.७ |
| ३. | कमजोर आर्थिक अवस्था | २ | ११.१ |
| ४. | पढ्न मन नलागेर | २ | ११.१ |
| ५. | अभिभावको दुर्व्यवहार | २ | ११.१ |
| ६. | अन्य | ३ | १६.७ |
| | जम्मा | १८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १२ मा देखाईए अनुसार यसरी बीचमा पढाई छोड्ने बालबालिकाहरुमध्ये अभिभावकहरुले काममा लगाएकोले ३३.३ प्रतिशत, कमजोर आर्थिक अवस्थाले ११.१ प्रतिशत, पढ्न मन नलागेर ११.१ प्रतिशत, र अन्य १६.७ प्रतिशत पाईएको छ ।

अभिभावक बिहीन भएर पढाई बिचैमा छोड्ने सडक बालबालिकाहरुको संख्या पनि ठूलो रहेको छ । शिक्षाको महत्व नबुझ्नाले, खेतीपातीमा लागेर पढाईलाई निरन्तरता दिन नसक्नाले, अभिभावकले काममा लगाएकोले, पढ्न मन नलागेर अथवा आर्थिक अवस्था कमजोर भएकाले उनीहरु बीचैमा पढाई छोड्न बाधय भएको पाईन्छ ।

### ४.१.१३ उत्तरदाताको परिवार संगको संलग्नताको बारेमा अध्ययन

यस अध्ययन क्षेत्रमा पाइएको तथ्याङ्क अनुसार घर छोडेर सडकमा आइपुगेका बालबालिकाहरु अत्यधिक संख्यामा रहेका छन् । त्यस्तै थोरै संख्यामा घर छोडेका होइन भन्नेहरु रहेका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : उत्तरदाताको परिवार संगको संलग्नताको बारेमा अध्ययन**

| क .सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवार संग सम्पर्क नरहेको | १५ | ८३.३ |
| २ | परिवार संग सम्पर्क रहेको | ३ | १६.७ |
| | जम्मा | १८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

तालिका नं. १३ अनुसार परिवारसंग सम्पर्क नरहेको भन्ने सडक बालबालिकाहरु ८३.३ प्रतिशत रहेका छन् भने परिवारसंग सम्पर्क रहेका भन्ने सडक बालबालिकाहरु १६.७ प्रतिशत रहेका छन् ।

यिनीहरु विभिन्न कारणवश घर सल्लाह नगरिकन घरबाट भागेका बालबालिकाहरु हुन् । घर छोडेका होइन भनने बालबालिकाहरु त्यस्ता बालबालिकाहरु हुन् जो विभिन्न कारणले गाउं छोडेर अभिभावकसंग काठमाण्डौंमा डेरा गरि बस्दछन् । गरीबीको कारण विद्यालय जान नसकेका यस्ता बालबालिकाहरु दिनभरि सडकमा प्लाष्टिक टिप्ने, माग्ने कार्य गरी राती सुत्न डेरामा फर्किने गर्दछन् ।

### ४.१.१४ सडक बालबालिकाहरुको पारिवारिक पेशाको अध्ययन

सडक बालबालिकाहरुको पारिवारीक आयस्रोतको अध्ययन गर्दा उनीहरुको परिवार पेशा अर्न्तगत अधिकरुपमा मजदुरीमा संलग्न रहेको पाइएकोछ। यसका साथै अन्तवार्ताको क्रममा पाइएको पारिवारिक पेशाको विवरण निम्न तातिकामा उल्लेख गरिएको छ।

**तालिका १४ : उत्तरदाताको पारिवारिक पेशाको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मजदुरी | १० | ५५.५ |
| २ | कृषि | ३ | १६.६ |
| ३ | नोकरी | २ | ११.२ |
| ४ | व्यापार | १ | ५.५ |
| ५ | अन्य | २ | ११.२ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १४ अनुसार सडक बालबालिकाहरुको पारिवारिक पृष्ठभूमि अध्ययन गर्दा मजदुरी गरेर ५५.५ प्रतिशत, कृषिमा १६.६ प्रतिशत, नोकरीमा ११.२ प्रतिशत, व्यापारमा ५५ प्रतिशत र अन्यमा ११.२ प्रतिशत पाइयो। सडक बालबालिकाहरुको पारिवारीक आयश्रोत हेर्दा बाबुआमाहरु मजदुरी गर्ने बढी देखिन्छन्।

### ४.१.१५ सडक बालबालिकाहरुले घर छोड्नु पर्ने कारणको अध्ययन

सडक बालबालिकाहरु सडक जीवनयापनपूर्व पारिवारीक संरचनामा नै हुर्केको पाइयो। पछि गएर पारिवारसंगको असन्तुष्टी र विविध कारणले गर्दा एक्लो वेसाहारा जीवन नै श्रेय ठानी सडक जीवन विताउन आएका हुन्। यसको प्रमुख कारण तलको तालिकाबाट केलाउने काम भएको छ।

**तालिका १५ : उत्तरदाताले घर छोड्नु पर्ने कारणको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिबीको कारण | १ | ५.५६ |
| २ | परिवारले वास्ता नगरको | १ | ५.५६ |
| ३ | आमाबाबुले पिरेर | १ | ५.५६ |
| ४ | सौतनी आमा/बाबुको कारण | ४ | २२.२ |
| ५ | साथीको लहलहैमा | २ | ११.१ |
| ६ | बाबुको मृत्यु भएर | २ | ११.१ |
| ७ | आमाको मृत्यु भएर | ५ | २७.७८ |
| ८ | सहरप्रतिको आकर्षण | १ | ५.५६ |
| ९ | अन्य | १ | ५.५६ |
| | जम्मा | १८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १५ अनुसार आमाको मृत्य भएर घर छोड्नु पर्ने बालबालिकाहरु २७.७८ प्रतिशत, सौतेनी आमाबाबको कारणले २२.२ प्रतिशत, बाबुको मृत्य र साथीको लहलहैमा ११.१ प्रतिशत देखिएको छ । त्यस्तै गरिवीको कारण परिवारले वास्ता नगरेर, शहर प्रतिको आकर्षण र अन्य गरि प्रत्येक ५.५६ प्रतिशत रहेको छ ।

परिवारका सदस्यहरुको दुर्व्यवहारबाट पिडित भई घर छोडेर सडकमा आइपुग्ने बालबालिकाहरुको संख्या सबैभन्दा ज्यादा रहेको छ । गरिबीको कारण परिवारले वास्ता नगरेर, साथीको लहलहैमा लागि घर छोड्नेको बालबालिकाहरु पनि धेरै रहेको देखिएको छ । त्यस्तै यस सर्वेक्षणले देखाए अनुसार बाबुपछि सौतेनी आमाको दुर्व्यवहारले घर छोड्ने बालबालिकाहरुको संख्या पनि धेरै रहेको छ ।

### ४.१.१६ काठमाण्डौं प्रवेश सम्बन्धि विवरण

यस अध्ययनमा समावेश भएका उत्तरदाताहरुले प्रथम पटक कोसंग काठमाण्डौं प्रवेश गरेका थिए भन्ने प्रश्नको जवाफमा १० जनाले आफू एक्लै प्रवेश गरेको बताएका छन । भने अन्य तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६ : उत्तरदाताको काठमाण्डौं प्रवेश सम्बन्धि विवरण**

| क. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफू एक्लै प्रवेश गरेका | १० | ५५.५६ |
| २ | साथीभाईसंग प्रवेश गरेका | ४ | २२.२ |
| ३ | अभिभावकसंग प्रवेश गरेका | ३ | १६.६७ |
| ४ | गाउंका परिचित व्यक्तिसंग प्रवेश गरेका | १ | ५.५६ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १६ अनुसार आफू एक्लै प्रवेश गरेका ५५.५६ प्रतिशत, साथीभाईसंग प्रवेश गरेका २२.२ प्रतिशत, अभिभावकसंग प्रवेश गरेका १६.६७ प्रतिशत तथा गाउंका परिचित व्यक्तहरुसंग प्रवेश गरेका ५.५६ प्रतिशत रहेका छन् ।

यस अध्ययन क्षेत्रमा साथीहरुको लहैलैमा घर छोडेर सडकमा आइपुगेका बालबालिकाहरु पनि पाइएको छ । शहरको तडकभडकमा आकर्षित भई घर छोडी शहरमा आइपुगेपछि भौतारिंदा भौतारिंदै सडकमा आइपुगेको कहानी सुनाउने बालबालिकाको पनि केही संख्या रहेको यस सर्वेक्षणले देखाएको छ ।

### ४.१.१७ उत्तरदाताले सडकमा बिताएको अवधिको विवरण

यस अध्ययनमा समावेश भएका उत्तरदाताहरुमध्ये १२ महिना भन्दा ज्यादा सडक जीवन बिताइसकेका बालबालिकाहरुको संख्या जम्मा संख्याको झण्डै दुइतिहाई देखिन्छ । त्यस्तै १ महिनादेखि १२ महिनाको बीचमा सडकमा विताउने बालबालिकाहरु जम्मा संख्याको एकतिहाईभन्दा ज्यादा रहेको पाइएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १७ : उत्तरदाताले सडकमा बिताएको अवधिको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ देखि ५ महिनासम्म | २ | ११.२ |
| २ | ६ देखि १२ महिनासम्म | ४ | २२.२ |
| ३ | १२ महिना माथि | १२ | ६६.६७ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १७ देखाए अनुसार १ देखि ५ महिनासम्म सडकमा बिताउनेहरु ११.२ प्रतिशत, ६ देखि १२ महिनासम्म सडकमा बिताउनेहरु २२.२ प्रतिशत, १२ महिना माथि सडकमा बिताउनेहरु ६६.६७ प्रतिशत भएको पाइएको छ ।

यस अध्ययनमा १२ महिना भन्दा बढि सडकमा बिताउनेहरु पाईएको छ । यसका प्रमुख कारणमा घरको पहिचान गर्न नसकोकाले/नचाहेकोले वा घरको स्थिति नाजुक नै भएकाले बहुसंख्यक बालबालिकाहरु दिर्घ समयका लागि सडकमा व्यतीत गर्न बाध्य हुन्छन् ।

### ४.१.१८ उत्तरदाता परिवारसंग बस्दा गर्ने काम

सडक बालबालिकाहरु आफ्नो पारिवारीक पृष्ठभूमिमा हुर्केको बेला अधिक रुपमा पढ्ने मौका पाएका रहेछन् । अन्यका हकमा आफ्नो पारिवारिक स्थिति अनुसार दैनिक गुजाराका लागि विविध कार्यमा लागेर आफ्नो संघर्षमय जीवनमै जुटेका बुझिन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८ : उत्तरदाता परिवारसंग वस्दा गर्ने कामको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पढ्ने | ६ | ३३.४ |
| २ | मजदुरी | ३ | १६.६७ |
| ३ | घरधन्दा गर्ने | २ | ११.११ |
| ४ | अर्काको घरमा काम गरी बस्ने | ३ | १६.६७ |
| ५ | अन्य | ३ | १६.६७ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

तालिका नं. १८ अनुसार ३३.४ प्रतिशतले पढ्ने, ३२.२ प्रतिशतले मजदुरी गर्ने, ११.२ प्रतिशतले घर धन्दा गर्ने, त्यस्तै ११.६ प्रतिशतले साहुकहाँ नोकरी गरी बस्ने र अन्यले अरु काम गर्ने देखिएको छ ।

पारिवारिक स्थिति अनुसार दैनिक गुजाराका लागि विविध कार्यमा लागेर आफ्नो संघर्षमय जीवनमै जुटेका बुझिन्छ भने परिवारसंग बस्दा पढ्ने बालबालिकाहरुको संख्या सबैभन्दा बढी र घरधन्दा गर्ने बालबालिकाको संख्या सबैभन्दा कम रहेको पाइयो ।

**तालिका १९ : उत्तरदाताको बसोवासको स्थितिको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सडकपेटी | ९ | ५० |
| २ | पसल अगाडी | ४ | २२(२ |
| ३ | मन्दिर | ३ | १६.६ |
| ४ | अन्य | ३ | १६.६ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षेण, २०७३

तालिका नं. १९ बाट के देखिन्छ भने सडक बालबालिकाहरुको बासस्थानको स्थिति औंल्याउने क्रममा पसल अगाडी २२.२ प्रतिशत, सडकपेटीमा ३२.४ प्रतिशत, मन्दिरमा १६.६ प्रतिशत, साथीभाईसंग मिलेर कोठा लिई बस्नेमा ११.२ प्रतिशत रहेको पाइयो ।

यस अध्ययन क्षेत्रमा देखिएको सडक बालबालिकाको बसोबासको स्थितिलाई नियाल्दा के पाइयो भने आफूलाई बढी सुरक्षित पाउनका लागि पसल अगाडी र आफ्नो उपयुक्त अनुसार जहाँ सजिलो भयो त्यहीं रात गुजारा गरिएको देखिन्छ ।

त्यस्तै आफूलाई सुरक्षित पाउने सडकपेटीका घर अगाडी ओट पाउने ठाउंमा सुतेर रात गुजारा गरेको पाइयो र काठमाण्डौं उपत्यकामा रहेको मठ मन्दिरहरुको आश्रयमा पनि केही मात्रामा सडक बालबालिकाहरुले रात गुजारा गरेको पाइयो । यसको अलवा साथीहरुसंग समूहमा मिति कोठा भाडा गरेर पनि बस्दै आएका सडक बालबालिकाहरु पाईयो ।

### ४.१.२० सडक बालबालिकाको खाने व्यवस्था सम्बन्धी अध्ययन

सडक जीवनयापनको क्रममा सडक बालबालिकाहरु आफ्नो साँझ बिहानको छाकको व्यवस्था कसरी गर्दै आएका छन् तथा उनीहरु कहाँ कसरी खाँदै आएका छन् भन्ने कुरा तलको तालिका बाट प्रष्ट हुन आउँछ ।

**तालिका २० : उत्तरदाताको खाना खाने व्यवस्था सम्बन्धी विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | होटलमा किनेर खाने | ७ | ३८.८ |
| २ | मागेर खाने | ६ | ३३.३ |
| ३ | होटलको बासी खाना खाने | २ | ११.२ |
| ४ | मन्दिरमा गई दाताहरुले दिएको खाने | ३ | १६.६ |
| | जम्मा | १८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २० मा पाईएको तथ्याङ्क अनुसार सडक बालबालिकाहरुको खापान सम्बन्धी व्यवस्थाको अध्ययन गर्दा होटलमा किनेर खाने ३८.८ प्रतिशत, मागेर खाने २७.७

प्रतिशत, आफै पकाएर खाने ५.५ प्रतिशत, होटलको बासी खाना खाने ११.२ प्रतिशत रहेको पाइयो ।

दिईएको तथ्याङ्क विश्लेषणको आधारमा सडक बालबालिकाहरुले आफ्नो खाने व्यवस्था अधिकतम रुपमा होटलमै खाने गरेको पाइयो । खाना पकाउने भाडा र बासस्थानको समस्याको कारण होटलमै किनेर खाने गरेको पाइएको छ । त्यस्तै मागेर खाने गरको सडक बालबालिकाहरु पनि अधिकतम रुपमा देखियो । त्यस्तै साथीहरुसंग मिलेर कोठा भाडामा लिई आफै पकाएर खाने बालबालिका पनि पाइएको छ । वास्तवमा भन्ने हो भने सडक बालबालिकाहरु दिनभरि कामको खोजी तथा आर्थिक संकलनको क्रममा सडकमै दिन बिताउने गरेको र रातीमात्र कोही कोठामा सुत्ने, कोही सडकपेटीमै सुत्ने गरेको पाइयो ।

### ४.१.२१ सडक बालबालिकाहरुको लुगा व्यवस्था सम्बन्धी अध्ययन

अव्यबस्थित रुपमा सडका बसोबस गरेतापनि आफै लुगा कपडाको जोहो गरी किन्ने सडक बालबालिकाहरु अन्तर्वाताको क्रममा धेरै रहेको पाइयो भने कसैले दिएर मात्र लगाउने र आफैले किन्ने एंव कसैले दिएको लगाउनेको संख्या बराबरी रहेको पाइयो । अन्य उत्तरदाताको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २१ : उत्तरदाताको लुगा व्यवस्था सम्बन्धी विवरण**

| क. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफै किन्ने | ८ | ४४५ |
| २ | मागेर लगाउने | ५ | २७.८ |
| ३ | कसैले दिएको मात्र लगाउने | २ | ११.१ |
| ४ | आफैले किन्ने र कसैले दिएको लगाउने | २ | ११.१ |
| ५ | अन्य | १ | ५.५ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २१ मा पाइएको तथ्याङ्क अनुसार सडक बालबालिकाहरुको लुगा सम्बन्धी व्यवस्थाको अध्ययन गर्दा आफै किन्नेमा ४४.५ प्रतिशत, मागेर लगाउने २७.८ प्रतिशत,

आफैले किन्ने र कसैले दिएको लगाउने ११.१ प्रतिशत, कसैले दिएको मात्र लगाउने ११.१ प्रतिशत र अन्य ५.५ प्रतिशत पाइयो ।

यस अध्ययनबाट के देखिन्छ भने सडक बालबालिकाहरु आफ्नो आङ ढाक्ने व्यवस्थामा अधिकतम बालबालिकाले आफ्नै क्षमतामा गर्दै आएका छन् । अन्यले आफूलाई नाङ्गीनबाट जोगाउनका लागि मागेर भए पनि निरन्तरता दिंदै आएका छन् ।

### ४.१.२२ सडक बालबालिकाहरुको सडक जीवनको क्रममा लागेका लतहरुको अध्ययन

सडक जीवनमा आइसकेपछि उनीहरुलाई राम्रो बाटोमा डोऱ्याउने तथा उनीहरुलाई नराम्रो कामहरुबाट सजग गराउने उनीहरुको कोही पनि नभएको हुदा स्वभाविक रुपमा छाडा समाजको सृजना भएको हुन्छ र उनीहरु आफ्नो खुशी नराम्रो लत अपनाएका हुन्छन्। यस अध्ययनलाई तलको तालिकाबाट प्रष्ट्याएको छ ।

**तालिका २२ : उत्तरदाताको विभिन्न लतहरुको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धुम्रपान गर्ने | ५ | २७.८ |
| २ | धुम्रपान नगर्ने | ३ | १६.७ |
| ३ | कहिलेकाही मात्र धुम्रपान गर्ने | २ | ११.२ |
| ४ | धुम्रपमान र लागूपदार्थ | ७ | ३८.८ |
| ५ | लागुपदार्थ मात्र सेवन गर्ने | १ | ५.५ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २२ मा अनुसार सडक बालबालिकाहरुको सडक जीवन गुजार्ने क्रममा लागेका लतहरुको अध्ययन गर्दा धुम्रपान र लागू पदार्थ दुबै सेवन गर्ने ३८.८, धुम्रपान गर्ने २७.८ प्रतिशत, धुम्रपान गर्ने ११.२ प्रतिशत र लागूपदार्थ मात्र सेवन गर्ने ५.५ प्रतिशत पाइयो ।

यो तथ्याङ्कबाट के प्रष्ट भएको छ भने सडक बालबालिकाहरुलाई कसैले प्रत्यक्ष नियन्त्रण नगरेको हुनाले उनीहरु आफूखुशी जस्तोसुकै कुलतलाई आत्मसाथ गर्न अग्रसर

रहेका हुन्छन् । समग्रमा भन्नु पर्दा उनीहरुको आफ्नै खुल्ला समाज हुन्छ, आफ्नो जीवनको मूल्य र मान्यतालाई पनि उचित मापन गर्न सकेका हुदैनन् । आफूलाई समाजदेखि निकै टाढा पाउंदा संसार नै उजाड भएको महसुस हुन्छ ।

### ४.१.२३ सडक बालबालिकाहरुप्रति अरुले हेर्ने दृष्टिकोणको अध्ययन

सडक बालबालिकाहरु पनि मानवीय समाजकै अंग हुन् । उनीहरु सामाजिक मूल्य र मान्यताबाट टाढिएर बस्न उनीहरुको दुखद् परिस्थितिलाई औंल्याउंदछ । तर उनीहरुको दुखद् घडीमा हामी सामाजिक व्यक्तिहरुले कुन रुपबाट व्यवहार गर्दै आएका छौं त भन्ने कुराको अध्ययन विश्लेषण तलको तालिकाबाट केलाउने काम भएको छ ।

**तालिका २३ :सडक बालबालिकाहरुप्रति अरु व्यक्तिको दृष्टिकोण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अरुको घर नजिक जादा गाली गर्ने | ११ | ६१.१ |
| २ | माया गरी खानेकुरा दिने | ३ | १६.७ |
| ३ | पुराना लुगाहरु दिएर पठाउने | २ | ११.१ |
| ४ | अन्य | २ | ११.१ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २३ मा पाइएको तथ्याङ्क अनुसार सडक बालबालिकाहरुको समाजिक अध्ययन विवरणमा कसैको घर नजिक जादा गाली गर्ने ६१.१ प्रतिशत, माया गरी खानेकुरा दिने १६.७ प्रतिशत, पुराना लुगाहरु दिएर पठाउने ११.१ प्रतिशत र अन्य ११.१ प्रतिशत पाइएकोछ ।

यस तथ्याङ्कबाट के प्रष्ट भएको छ भने वास्तवमा शहरिया जीवनमा निसहाय मानवीय जीवनलाई पशुकै दर्जामा हेरेर व्यवहार गरिनु सामाजिक जीवनको नकरात्मक पक्षको उदाहरण हो ।

### ४.१.२४ सडक बालबालिकाहरुको कामको प्रकृतिबारे अध्ययन

यस अध्ययनमा समावेश भएका सडक बालबालिकाहरुमध्ये अधिकांशले प्लाष्टिक संकलन गरेको पाइएको छ । केही बालबालिकाले प्लाष्टिक संकलनको साथसाथै माग्ने काम गर्ने गरेको पनि तथ्याङ्कले देखाएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २४ : उत्तरदातको कामको प्रकृतिबारे विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कवाडी सामान उठाउने | १४ | ७७.८ |
| २ | प्लाष्टिक संकलन गर्ने र माग्ने | ४ | २२.२ |
| | जम्मा | १८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २४ अनुसार यस अध्ययनमा समावेश भएका सडक बालबालिकाहरुमध्ये कवाडी सामान उठाउने संकलन गर्नेको संख्या ७७.८ प्रतिशत रहेको छ भने प्लाष्टिक संकलन साथै माग्ने काम समेत गर्नेहरुको संख्या २२.२ प्रतिशत पाइएको छ ।

प्लाष्टिक सर्वसुलभ भएको र यो काम कसैको रोकटोक विना गर्न सकिने भएकोले यो बालबलिकाको रोजाईको काम भएको छ । वर्षातको मौसममा प्लाष्टिक संकलन गर्न कठिन हुने, कहिलेकाही अन्य मौसममा पनि पर्याप्त प्लाष्टिक नपाइने, प्लाष्टिक विक्रीबाट थोरै मात्र आम्दानी हुने र तुलनात्मक रुपमा प्लाष्टिक संकलन भन्दा अरु काम सजिलो हुनाले कतिपय बालबालिकाले सहायक पेशाको रुपमा माग्ने काम समेत गर्ने गरेको बताएका छन् । यिनीहरुले विशेष गरी पर्यटकसंग पैसा माग्ने, सामान बोकिदिने, शहरमा पथपर्दशकको काम गर्नुका साथै ट्रेकिङ्ग समेत जाने गरेको सर्वेक्षणले देखाएको छ ।

### ४.१.२५ सडक बालबालिकाले आर्थिक स्रोत जुटाउने क्रममा दैनिक कार्य लाग्ने समय अध्ययन

यस अध्ययनमा समावेश भएका सडक बालबालिकाहरुको प्रतिदिन कार्य अवधिको अध्ययन गर्दा निम्न अनुसार पाइएको छ । ६ देखि ८ घण्टा काम गर्ने सडक बालबालिकाहरुको संख्या सबैभन्दा धेरै रहेको छ । त्यसपछि ३ देखि ५ घण्टा काम गर्ने

सडक बालबालिकाहरुको संख्या रहेको छ भने ९ देखि १२ घण्टा काम गर्ने सडक बालबालिकाको संख्या न्यून देखिएको छ  जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २५ : उत्तरदाताको प्रतिदिन गर्ने कामको समयको विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ देखि ५ घण्टा काम गर्ने | ७ | ३८.९ |
| २ | ६ देखि ८ घण्टा काम गर्ने | ८ | ४४.४ |
| ३ | ९ देखि १२ घण्टा काम गर्ने | ३ | १६.७ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २५ अनुसार ३ देखि ५ घण्टा काम गर्ने ३८.९ प्रतिशत, ६ देखि ८ घण्टा काम गर्ने ४४.४ प्रतिशत, ९ देखि १२ घण्टा काम गर्ने १६.७ प्रतिशत सडक बालबालिकाहरु रहेका छन् ।

सडक बालबालिकाहरुको औसत उमेर कम हुने भएकाले तथा उनीहरुले शारिरीक रुपमा काम गर्न कठिन हुने भएकाले लामो समयसम्म काम गर्न असमर्थ हुने यस अध्ययनबाट पाईयो । साथसाथै साना उमेरका सडक बालबालिकाहरुले थोरै काम गर्ने र १४-१५ वर्षपछि वैकल्पिक पेशा व्यवसायमा लाग्ने हुनाले यस्तो स्थिति देखिएको सर्वेक्षणबाट थाहा भएको छ ।

### ४.१.२६ उत्तरदाताको प्रतिदिनको आय सम्बन्धि विवरण

यस अध्ययनमा समावेश भएका सडक बालबालिकाहरुको प्रतिदिनको आम्दानीको तथ्याङ्कलाई हेर्दा सबैभन्दा ज्यादा संख्यामा प्रतिदिन रु. २० देखि रु.५० सम्म आर्जन गर्नेहरु छन् भने यो भन्दा केही कम संख्यामा रहेकाहरु प्रतिदिन रु. ५० देखि रु. ८० सम्म आर्जन गर्नेहरु छन् । रु.८० देखि रु. १०० सम्म प्रतिदिन आर्जन भएकाहरु तुलनात्मक रुपले न्यून संख्यामा पाइएका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २६ : उत्तरदाताको दैनिक आय सम्बन्धि विवरण**

| क. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. २० देखि रु.५० सम्म आर्जन गर्ने | ८ | ४४.५ |
| २ | रु. ५० देखि रुं ८० सम्म आर्जन गर्ने | ७ | ३८.८ |
| ३ | रु. ८० देखि रु. १०० सम्म आर्जन गर्ने | ३ | १६.७ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

तालिका नं. २६ अनुसार रु. २० देखि रु. ५० सम्म आर्जन गर्ने ४४.६ प्रतिशत, रु. ५० देखि रु.८० सम्म आर्जन गर्ने ३८.८ प्रतिशत र रु. ८० देखि रु. १०० सम्म आर्जन गर्ने १६.७ प्रतिशत सडक बालबालिकाहरु रहेको पाइएको छ । सानो र मझौंला उमेरका बालबालिकाहरुको संख्या ज्यादा रहेको अत्याधिक बालबालिकाहरुको आर्जन रु. २० देखि रु. ८० सम्म रहेको तथा अलि बढी उमेर भएपछि अन्य पेशा व्यवसायमा लाग्ने हुनाले बढी आर्जन गर्न सक्ने बालबालिकाको संख्या न्यून रहेको हुनुपर्दछ ।

सडक बालबालिकाहरुले काम गर्नु कानुनी रुपमा दण्डनीय अपराध हो त्यसैले उनीहरु मार्फत लुकाई छिपाई काम गराईन्छ । सानो र मझौंला उमेरका बालबालिकाहरुको संख्या ज्यादा रहेको तथा उनीहरुले शारिरीक रुपमा काम गर्न कठिन हुने भएकोले तिनीहरुको आम्दानी कम रहेको पाईयो ।

## ४.१.२७ सडक बालबालिकाहरुको खर्च विवरणको अध्ययन

यस अध्ययनमा समाबेश भएका काठमाण्डौंका सडक बालबालिकाको तथ्याङ्कलाई हेर्दा आफू खुसी पैसा खर्च गर्दा पहिलो प्राथमिकता खानालाई, दोस्रो प्राथमिकता मनोरञ्जन र धुम्रपानलाई दिएको पाइयो । मादक पदार्थमा खर्च गर्ने बालबालिका पनि पाइएको छ भने कपडामा खर्च गर्ने प्रकृति न्यून रहेको देखिाएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २७ : उत्तरदाताको खर्च विवरण**

| क्र. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खाना र मनोरञ्जन | १२ | ६६.७ |
| २ | अभिभावकलाई जिम्मा दिने | ३ | १६.७ |
| ३ | कपडा | २ | ११.२ |
| ४ | धुम्रपान र मादकपदार्थ | १ | ५.५ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २७ अनुसार अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरुमध्ये कतिकति संख्याले कुनकुन शीर्षकमा खर्च गर्ने गर्दछन् भन्ने तथ्याङ्कलाई अध्ययन गर्दा निम्न स्थिति पाइएको छ । अभिभावकलाई दिने १६.७ प्रतिशत, खाना र मनोरञ्जनमा ६६.७ प्रतिशत, धुम्रपान र मादकपदार्थमा ५.५ प्रतिशत र कपडामा ११.२ प्रतिशत ।

खाना र मनोरञ्जनमा खर्च गर्नेहरु सबैभनदा ठूलो संख्यामा रहेको पाइएको छ । मनोरञ्जनको हकमा अधिकांशले सिनेमा हेर्न पैसा खर्च गर्ने गरेको तथा मादक पदार्थको रुपमा रक्सी सेवन गर्ने तथा आक्कल झुक्कल लागूपदार्थको समेत सेवन गर्ने गरेका पाइएको  छ । यसको प्रमुख कारण कुसंगतले हो यद्यपी उनीहरु लागुपदार्थ सेवन गर्ने कुरा स्वीकार गर्न चाहदैनन् । मागेर कपडा लगाउने भएकाले कपडामा भने निम्न खर्च गरिएको पाईयो ।

## ४.२ जानकार व्यक्तिहरुद्वारा प्राप्त सूचना

### ४.२.१ उमेरको आधारमा सूचनादाताको संख्या

यस अध्ययनमा समावेश भएका समुदायका सदस्यहरु मध्ये २० देखि ३० वर्षसम्मको उमेर समूहका सबैभन्दा ज्यादा, त्यसपछि ३१ देखि ४० वर्षसम्मको उमेर समूहका र ४१ देखि ५० वर्षसम्मको उमेर समूहका सबैभन्दा थोरै रहेका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका २८ : उमेरको आधारमा सूचनादाताको संख्या

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २० देखि ३० वर्षसम्म | ५ | ५० |
| २. | ३१ देखि ४० वर्षसम्म | ३ | ३० |
| ३. | ४१ देखि ५० वर्षसम्म | २ | २० |
| | जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वक्षण, २०७३

तालिका नं. २८ अनुसार २० देखि ३० वर्षसम्म ५० प्रतिशत, ३१ देखि ४० वर्षसम्म ३० प्रतिशत तथा ४१ देखि ५० वर्षसम्म २० प्रतिशत रहेका छन् ।

यस अध्ययनमा सडक बालबालिकाहरुसंग प्रत्यक्ष सरोकार राख्ने, सम्पर्क हुने र कुनै न कुनै किसिमले सम्बन्धमा रहने सूचनादाताहरुको उमेर २० देखि ३० वर्ष रहेको पाइयो । यस उमेर समूहका अधिकांश जानकार व्यक्तिहरु युवा रहेको र उनीहरु बढि सक्रिय हुने भएकाले अधिकांश जानकार व्यक्तिहरु यो समूहमा रहेका छन् । यस्तै अरु जानकार व्यक्तिहरु अरु उमेर समूहका रहेका थिए ।

## ४.२.२ सूचनादाताको पेशा / व्यवसायको विवरण

यस अध्ययनमा समावेश भएका समुदायका सदस्यहरुका पेशा/व्यवसाय निम्न अनुसार रहेको छ । सबै भन्दा बढी सूचनादाताहरु व्यापारी र व्यवसायी रहेका छन् । त्यस्तै गैसस, प्रहरी र नोकरी पेशामा लागेकाहरुलाई पनि सूचनादाताको रुपमा लिइएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका २९ :सूचनादाताको पेशा/व्यवसाय

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गैसस (बालबालिका सम्बन्धी कार्य गर्ने) | ४ | ४० |
| २. | व्यापारी/व्यवसायी | २ | २० |
| ३. | प्रहरी | २ | २० |
| ४. | नोकरी | २ | २० |
| | जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वक्षण, २०७३

तालिका नं. २९ मा अनुसार यस अध्ययनमा सडक बालबालिकाहरुसंग प्रत्यक्ष सरोकार राख्ने सम्पर्क हुने र कुनै न कुनै किसिमले प्रभावित हुने बाल अधिकारवादी गैसस ४० प्रतिशतलाई, व्यापारी/व्यवसायीहरु २० प्रतिशत, प्रहरीहरु २० प्रतिशतलाई र नोकरी पेशा भएका २० प्रतिशतलाई समावेश गरिएको छ ।

यस अध्ययनमा गैससमा अधिकतम प्रत्यक्ष सरोकार रहेको देखियो । जानकार व्यक्तिहरुमध्ये धेरै जसो गैससमा आवद्ध भएकाले उनीहरुलाई सडक बालबालिकाको कुनै न कुनै जानकारी रहेको पाईयो । यसैगरी गैससले उनीहरुको पहिचान गरी र उचित व्यवस्थापन गर्न अग्रसर रहेको पाईयो । बाँकी जानकारदाता अरु विभिन्न पेशामा आवद्ध र सडक बालबालिकासंग संबन्धित रहेको पनि यस अन्तर्वातामा देखियो ।

### ४.२.३ सूचनादाताको सडक बालबालिकासंमको सम्पर्क

यस अध्ययनमा समावेश भएका समुदायका सदस्यहरुको सडक बालबालिकासंग सोझो सम्पर्क नहुने संख्या ज्यादा रहेको छ । यसमा विभिन्न व्यवसायी रहेका छन् । यसमा गैसस र कवाडी व्यवसायी रहेका छन् । होटल व्यवसायीले कहिलेकाही मात्र सम्पर्क हुने जनाएका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३० :सूचनादाताको सडक बालबालिकासंग सम्पर्क**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | दैनिक सम्पर्क हुन्छ | ३ | ३० |
| २. | कहिलेकाही सम्पर्क हुन्छ | २ | २० |
| ३. | प्रायजसो सम्पर्क हुन्छ | १ | १० |
| ४. | प्रायजसो सम्पर्क हुदैन | ४ | ४० |
| | जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वक्षण, २०७३

तालिका ३० बमोजिम सडक बालबालिकाहरु घुम्नेफिर्ने क्रममा समाजका विभिन्न व्यक्तिहरुसंग सम्पर्क हुनजान्छ त्यसैक्रममा सडक बालबकालिकासंग कतिपटक सम्पर्क हुन्छ भनी गरिएको प्रश्नको जवाफमा तालिका नं. ३० अनुसार दैनिक सम्पर्क हुने ३० प्रतिशत,

कहिलेकाही सम्पर्क हुने २० प्रतिशत प्रायजसो सम्पर्क हुने १० प्रतिशत र प्राय सम्पर्क नहुने ४० प्रतिशत पाइएको छ ।

सडक बालबालिका सडकमा भौंतारिंदै हिँड्दा जानकार व्यक्तिको सम्पर्कमा आएको देखियो । धैरै जसो जानकार व्यक्तिहरु कुनै न कुनै रुपमा सडक बालबालिकाको सम्पर्कमा उनीहरुको वरिपरि रहेको पाईयो ।

### ४.२.४ सूचनादाताले थाहा पाएका घटनाहरुको विवरण

यस अध्ययनमा समावेश भएका समुदायका सदस्यहरुमध्ये खास घटनाहरुको जानकारी भएकाहरुले दिएको जानकारी अनुसार सडक बालबालिकाद्वारा समूदायमा घटेका घटनाहरुमा क्रमशः चोरी, पाकेटमारी, व्यवसायीमाथि कुटपिट र सानातिना लुटपाटका घटनाहरु  रहेका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३१ :सूचनादाताले थाहा पाएका घटनाहरु**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | चोरी | २ | २० |
| २. | पाकेटमारी | २ | २० |
| ३. | सानातिना लुटपाट | ३ | ३० |
| ४. | जानकारी नभएका | ३ | ३० |
| | जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वक्षण, २०७३

तालिका ३१ बमोजिम आफुसंग सम्पर्कमा आएका सडक बालबालिकाहरुबाट गरिने चोरी तथा लुटपाट जस्ता कामहरुको बारेमा समाजमा रहेका ब्यक्तिहरुसंग गरिएको प्रश्नको जवाफमा तालिका नं. ३१  अनुसार चोरीको घटना २० प्रतिशत, पाकेटमारी २० प्रतिशत, सानातिना लुटपाटका घटना ३० प्रतिशत र जानकारी नभएका ३० प्रतिशत रहेको दिएका छन् ।

अधिकांश सूचनादाताहरुले सडक बालबालिकाहरु कुनै न कुनै आपराधिक घटनामा संलग्न भएको जानकारी रहेको बताए । चोरी, लुटपाट, पाकेटमारी आदि आपराधिक घटना

गर्नु सडक बालबालिकाको आयस्रोतको माध्यम पनि हुन सक्छन् । यसका कारणले यस्ता घटनाले जानकार व्यक्तिहरु अवगत भएका हुन्छन् ।

### ४.२.५ सूचनादाताको सडक बालबालिका प्रतिको धारणा

यस अध्ययनमा समावेश भएका समुदायका सदस्यहरुको सडक बालबालिका प्रति के धारणा छ भनी लिइएको तथ्याङ्क अनुसार बहुसंख्यक सदस्यको सडक बालबालिका प्रति सकारात्मक धारणा रहेको देखाएको छ । उनीहरुले सामाजिक, आर्थिक, मनोवैज्ञानिक कारणहरुले वाध्य भएर सडकमा आइपुगेका यी बालबालिका प्रति सबै सरोकारवालाले सहानुभूतिपूर्वक विचार गर्नुपर्ने बताएका छन् । त्यस्तै केही व्यक्तिहरुले सडक बालबालिका प्रति नकारात्मक धारणा राखेको पाइएको छ भने केहीले आफ्नो खास कुनै धारणा नभएको बताएका छन्  जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३२ :सूचनादाता सडक बालबालिकाबारे के सोच्दछन् ?**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सकारात्मक धारणा राख्नेहरु | ५ | ५० |
| २. | नकरात्मक धारणा राख्नेहरु | ३ | ३० |
| ३. | सामान्य धारणा राख्नेहरु | २ | २० |
| | जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वक्षण, २०७३

तालिका नं. ३२ अनुसार सकरात्मक धारणा राख्ने उत्तरदाताहरु ५० प्रतिशत, नकरात्मक धारणा राख्ने उत्तरदाताहरु  ३० प्रतिशत र आफ्नो धारणा सामान्य भएको बताउनेहरु २० प्रतिशत रहेका छन् ।

यस अध्ययनमा सकारात्मक धारणामा सडक बालबालिकालाई उचित रेखदेख गरी समाजमा पुर्नस्थापना गर्नुपर्छ भन्ने बुझिन्छ । उनीहरुलाई पनि अरु बालबालिकाकै सरह हक अधिकार प्रदान गरिनु पर्छ । उचित शिक्षा, स्वास्थ्य सेवा आदि प्रदान गरिनु पर्छ भन्ने एकथरीको विचार छ । समाजका केही व्यक्तिहरुबाट भने सडक बालबालिकालाई समाजको अभिसापको रुपमा लिएको पाईन्छ । सकारात्मक धारणा राख्नेहरुमा गैसस, सामाजिक

कार्यकर्ता, अधिकारकर्मी रहेका छन् भने नकारात्मक धारणा राख्नेमा व्यापारी, व्यवसायी तथा प्रहरी रहेका छन् ।

### ४.२.६ सडक बालबालिकाद्वारा समाजमा परेको समग्र प्रभाव

यस अध्ययनमा समावेश भएका सडक बालबालिकाको कारणले समाजमा परेको समग्र प्रभाव सम्बन्धमा प्राप्त भएको जानकारी अनुसार अधिकांश सूचनादाताहरुलाई समग्र प्रभाव नकरात्मक लागेको छ भने कोहीलाई यसबारेमा जानकारी छैन जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

समुदायका व्यक्तिहरुसंग लिईएको तथ्याङ्क अनुसार सडक बालबालिकाको कारणले समाजमा समग्र प्रभाव कस्तो परेको छ भन्ने कुरा निम्न अनुसार रहेको छ ।

**तालिका ३३ :सडक बालबालिकाबाट समाजमा परेको समग्र प्रभाव**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नकरात्मक प्रभाव | ६ | ६० |
| २. | थाहा नभएका | ४ | ४० |
| | जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वक्षण, २०७३

तालिका नं. ३३ अनुसार यस अध्ययनको क्रममा सूचनादाताहरुसंग गरिएको सवालमा अधिकांशलाई सडकबालबालिकाले नकरात्मक असर पारेको भनाइ रहेको छ । तालिका नं. ३३ अनुसार नकरात्मक प्रभाव ६० प्रतिशत, र कस्तो प्रभाव परेको भन्ने थाहा नभएका ४० प्रतिशत रहेको छ ।

जानकार व्यक्तिहरुका अनुसार सडक बालबालिकाहरु विभिन्न नकारात्मक काम जस्तै लागू पदार्थ सेवन, पाकेटमारी, हुल्दंगा आदिमा संलग्न भएकाले उनीहरुबाट समाजमा गलत प्रभाव परेको जानकार व्यक्तिहरुको विचार छ । त्यस्तै बाँकी जानकारहरु यस विषयका अनविज्ञ रहेको प्रतिकिया पाईयो ।

### ४.२.७ सडक बालबालिकाको समस्या समाधानका उपायहरु

यस अध्ययनमा समावेश भएका समुदायका व्यक्तिहरुसंग सडक बालबालिकाको समस्या समाधानका लागि कस्ता कस्ता कार्यक्रमहरु प्रभावकारी हुन सक्छन् भनि प्रश्न गरिएको थियो । सूचनादाताहरुबाट प्राप्त भएको जानकारी अनुसार तालिम र रोजगारी दिनुपर्ने, व्यवसायिक शिक्षा प्रदान गर्नुपर्ने, खान लाउन र पढ्न व्यवस्था गर्नुपर्ने, परिवारमा पूर्नस्थापना गर्नुपर्ने जस्ता कुराहरु आएका छन् । सबैभन्दा धेरै सूचनादाताहरुले यो समस्याको समाधानका लागि परिवारलाई सीपमूलक तालीम दिएर रोजगारीको व्यवस्था गर्नुपर्ने बताएका छन् । यसबाट आर्थिक विपन्नताको कारण बालबालिकाले घर छोड्नु पर्ने बाध्यताको अन्त्य हुने उनीहरुको विश्वास छ । बालबालिकालाई सानैदेखि व्यवसायिक शिक्षाको व्यवस्था गर्नु पर्ने तथा सडक बालबालिकालाई खाने लगाउने, पढ्ने सम्पूर्ण व्यवस्था सरकारी तवरबाटै गर्नुपर्ने भन्ने सूचनादाताहरु पनि अत्याधिक रहेका छन् ।

त्यस्तै सूचनादाताबाट प्राप्त जानकारी अनुसार अन्य प्रस्तावित कार्यक्रमहरुमा सडक बालबालिकालाई सामाजिकीकरण गर्न Transit Home जसमा स्वास्थ्य तथा अन्य सुविधा लिन नपाएका सडक बालबालिकाले स्वास्थ्यसेवीको संरक्षणमा स्वास्थ्य सेवा लिन पाउने सुविधा सञ्चालन गर्नुपर्ने, सडक बालबालिकालाई परिवारमा पुनर्स्थापना गर्ने कार्यक्रमहरु चलाउनु पर्ने, सडक बालबालिका र समुदायको बीचमा रहेको अविश्वासलाई हटाउनु पर्ने तथा बाल सहभागितामूलक कार्यक्रमहरु चलाउनु पर्ने बताएका छन् ।

# अध्याय पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

बालबालिकाहरु जो सडकमै बाँच्ने र काम गर्ने गर्दछन् किनभने उनिहरुको आधारभूत आवश्यकताहरु जस्तै स्वास्थ्य शिक्षा र बासस्थानबाट बञ्चित हुन्छन् । उनिहरुलाई सामाजिक रुपमा अबहेलना गालीगलौज गर्नुका साथै सामाजिक खतराका रुपमा लिईन्छ । बालबालिकाहरु घरबार विहिन हुनुमा प्रमुख कारण पारिवारिक झै झगडा, गरिबी आर्थिक अभाव, बसाईंसराई, प्रकृतिक र मानव निर्मित प्रकोप, शारिरिक तथा मानसिक हिंसा, अव्यवस्थित शहरीकरणहरु आदि जसका कारणले बालबालिकाहरु सडकमा जिवन विताउन बाध्य हुन्छन् ।

सडक बालबालिकाको समाजिक पृष्ठभूमि, उनीहरुले सडकमा आश्रय लिने कारणहरु, सडक जीवनका विविध अवस्थाहरु र यसबाट समाजमा पर्न गएको प्रभाव आदि समग्र पक्षहरुको अध्ययन गर्नु यस अध्ययनको  सामान्य उद्देश्य हो । सडक बालबालिकाको वर्तमान अवस्थाको अध्ययन गर्नु र उनीहरुद्धारा समाजमा परेको प्रभावको अध्ययन गर्नु यस अध्ययनको  विशिष्ट उद्देश्य हो ।

यस सोध अध्ययनमा बर्णात्मक अनुसान्धानको ढांचा प्रयोग गरिएको छ । अनुसन्धनको क्षेत्रमा वर्णात्मक अनुसन्धान भनेको अध्ययन बिषयको बारेमा विस्तृत ज्ञान प्राप्त गर्नु हो यही ढांचामा आधारित रहेर सडक बालबालिकाको सामाजिक अवस्था कारण आदिलाई सामान्य रुपमा वर्णन गरी प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा सडक बालबालिकाहरुसंग उत्तरहरु प्राप्त गर्दा सम्भावनारहित नमूना छनौट (Non Probability Sampling) को प्रयोग गरिएको छ । यसका अलावा प्रस्तुत शोध अध्ययनमा नमूना छनौट गर्दा सडक बालक र सडक बालिका दुवैलाई समावेश गरिएको छ, जसमा बालकको तुलनामा बालिकाको संख्या न्यून रहेको छ । त्यसै गरी यस शोध अध्ययनमा सडक बालबालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षहरु, घर छोडेर सडकमा आउने कारणहरु, सडक जीवनका क्रियाकलाप र भोगाईहरु तथा समाजमा परेको समग्र प्रभाव जस्ता पक्षहरु समेटिएको छ ।

यस अध्ययन क्षेत्रमा रहेका सडक बालबालिकाहरुमध्ये अधिकांश ९ देखि १३ वर्ष उमेर समूहका रहेको पाइएको छ र सरदर उमेर १२.०९ वर्षका रहेका छन् भने सडक बालबालिकाहरु ८३.४ प्रतिशत रहेका छन् । जातीय हिसाबले तमाङ्हरु सबैभन्दा बढी २३ प्रतिशत, ब्राम्हण र क्षेत्री प्रत्येक १६.६ प्रतिशत र बांकी अन्य जातीहरु रहेका छन् । अधिकांशले प्राथमिक तहसम्म पढेर कमजोर आर्थिक अवस्थाले गर्दा विद्यालय भर्ना नभएकाहरु ३३.३ प्रतिशत रहेका छन् ।

प्रस्तुत अध्ययनमा सडक बालबालिकाको ७ जनासम्म परिवार सदस्य संख्या हुनेहरुमा सबैभन्दा बढी (४४.४ प्रतिशत) रहेका छन् । बाबु जिवीत हुनेहरु ६६.६७ प्रतिशत, आमा जिवीत हुनेहरु ५५.५६ प्रतिशत रहेका छन् । त्यस्तै सौतेनी आमा रहेकाहरु ४४.४ प्रतिशत छन् । धेरै जसोका बावुहरु (५५.५ प्रतिशत) मजदुरीमा संलग्न छन् भने आमाहरु गृहणी छन् । बाबुहरुमा भएका लतहरुमध्ये रक्सी सेवन गर्ने सबैभन्दा बढी पाईएको छ भने आमाहरुमा सबैभन्दा बढि धुम्रपान गर्ने लत रहेको छ । घर छोडेर सकडमा आउनुपर्ने कारणहरुमा पारिवारिक हिंसा र दुर्व्यवहार प्रमुख रहेका छन् । त्यसै गरि कमजोर आर्थिक अवस्था र अभिवावकको मृत्यु अन्य महत्वपूर्ण कारणहरुमा रहेको पाईएको छ ।

सडक बालबालिकाहरु मध्ये सबैभन्दा बढि (३३.४ प्रतिशत) सडकपेटीमा बास बस्ने गर्दछन् भने अन्यले घर दोकानको पेटी तथा मन्दिरलाई बासस्थान बनाएका छन् । त्यस्तै सडक बालबालिकाको लतमध्ये सबैभन्दा बढी धुम्रपान र लागूपदार्थ रहेको छ ।

समूदायको सदस्यहरुका अनुसार सडक बालबालिकाहरुद्धारा समाजमा घट्ने घटनाहरुमा पर्यटकहरुलाई दुरुत्साहन गर्ने सबैभन्दा बढी रहेको छ । माग्ने तथा लागूपदार्थ दुर्व्यशन गर्ने काम पनि प्रशस्त रहेको पाइएको छ । त्यस्तै अरु घटनाहरु चोरी, पाकेटमारी र कुटपिटका रहेका छन् ।

बहुसंख्यकको सडक बालबालिकाबारे नकरात्मक धारणा रहेको छ । त्यस्तै सडक बालबालिकाको समुदाय प्रतिको धारणा पनि नकरात्मक देखिन्छ । समुदाय र सडक बालबालिकाको सम्बन्ध नकारात्मक रहेको बताउनेहरु ८० प्रतिशत छन् भने सडक बालबालिकाद्धारा समाजमा परेको समग्र प्रभाव नकारात्मक छ भन्नेहरु ८० प्रतिशत रहेका छन् ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोध अध्ययन काठमाण्डौं महानगरपालिकाभित्र विद्यमान सडक बालबालिकाहरुलाई लक्षित गरी सञ्चालन गरिएको एक समाजशास्त्रीय अध्ययन हो । सडक बालबालिकालाई उत्तरदाताको रुपमा छनौट गर्दा काठमाण्डौं महानगरपालिकाको वडा नं. १७ बसन्तपुर क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिईएको छ । प्रस्तुत अध्ययनमा उद्धेश्य अनुसार सडक बालबालिकालाई उत्तरदाताको रुपमा लिइएको छ, जसबाट सडकमा आइपुग्ने परिस्थिति र सडक जीवनका अनुभवहरु सम्बन्धि तथ्याङ्कहरु प्राप्त गरिएको छ । त्यस्तै सूचनादाताको रुपमा समुदायका सदस्यहरुबाट सडक बालबालिकाद्वारा परेको सामाजिक प्रभावसंग सम्वन्धित जानकारीहरु प्राप्त गरिएको छ ।

सडक बालबालिका आउने स्थानहरु शहरी केन्द्रको वरिपरिका जिल्लाहरु तथा ग्रामीण क्षेत्रहरु रहेका छन् । जसमध्ये ९ देखी १३ वर्षको उमेर समुहका जनजातीहरुको बाहुल्यता रहेको छ भने बालिकाहरु नगन्य छन् । धेरैजसो विद्यालय शिक्षाबाट बञ्चित छन्, पढ्नेहरुले प्राथमिक तहमा नै विद्यालय छोड्ने गर्दछन् । अधिकांशको परिवारको आकार राष्ट्रिय औसत भन्दा ठूलो छ, अभिभावकहरु निरक्षर छन् न्यून: ज्याला भएका छन्, समुदाय यिनीहरु प्रति सहानुभूती राख्दछ तर यिनीहरु समुदाय प्रती नकारात्मक भाव राख्दछन् । यिनीहरुको समुदायसंगको सम्बन्ध र यिनीहरुद्वारा समाजमा परेको समग्र प्रभाव नकरात्मक रहेको छ ।

बालबालिकाहरु घर छोडेर सडकमा आउनुको पछाडी सामाजिक र आर्थिक कारणहरु रहेका छन् । पारिवारिक हिंसा, बसाईसराई, शहरप्रतिको आकर्षण, द्वन्द्व आदि सामाजिक कारणहरु हुन भने गरिबी, रोजगारीको खोजी आदि आर्थिक कारणहरु हुन् । थोत्रा पुराना सामानहरु संकलन गरेर दैनिक गुजारा गर्ने यिनीहरु विभिन्न असामाजिक तथा आपराधिक तत्वहरुद्वारा सताईएका हुन्छन् । खुला आकास मुनिको बास, भोक र रोगसंग दैनिक साक्षात्कार हुने यिनीहरु लागूपदार्थ दुर्व्यशन, यौन शोषण र HIV / AIDS को जोखिममा सधै परेका हुन्छन् ।

यस सन्दर्भमा देखिएका राम्रा कुराहरुमा सडक बालबालिकाको अत्मनिर्भरता, कामप्रतिको समर्पण खेर गइरहेको वस्तुको पुन. प्रशोधनमा योगदान, एक आपसमा सहयोग र भाईचारा, स्वतन्त्रताको अनुभव तथा जस्तोसुकै परिस्थितीसंग जुध्ने बानीको विकास आदि

रहेका छन् । नराम्रा कुराहरुमा अव्यस्थित र अनियन्त्रित जीवन, आयको अपर्याप्तता, रोगहरुको संक्रमण, अपराधको दुनियाँसंग सम्पर्क, लागुपदार्थ दुर्व्यशन, हिनताबोध, आत्मविश्वासको कमी, अराजक स्वभावको विकास आदि रहेका छन् ।

अध्ययनको क्रममा देखिएको चाखलाग्दो पक्ष के हो भने सडकमा आइपुगेपछि नकारात्मक सामाजिकरण हुन्छ र उनीहरु बीचमा आफ्नै खाले संस्कृतिको विकास हुन पुग्दछ । यसमा गास, बास र कपासको माध्यम सडकलाई नै बनाउनु आपसमा सहयोग र भाईचाराको सम्बन्ध कायम गर्नु, संकटमा संगठित क्रियाकलापहरु गर्नु, बाँच्नका लागि संघर्ष गर्ने क्रममा प्रतिकूल परिस्थितिसंग जुध्ने क्षमताको विकास गर्नु, कसैको पनि नियन्त्रणमा बस्न नचाहनु तथा तत्कालको लागि मात्र सोच्ने दृष्टिकोणको विकास हुनु आदि रहेका छन् ।

# सन्दर्भ सामग्री


कामत, रामकुमार, (२०६८, माघ), सडक बालकको समस्या, *गोरखापत्र दैनिक*।

भ्वाइस अफ चिल्ड्रेन, (२०१२), *बालबालिका सम्बन्धी संकलित एक तथ्याङ्क,* काठमाण्डौ ।

*नेपालमा बालबालिकाको स्थिति,* (२०११), केन्द्रीय बालकल्याण समिति, काठमाण्डौ।

*नेपालमा बालबालिकाको स्थिति "एक तथ्याङ्क",* (२०१०). केन्द्रीय बालकल्याण समिति, काठमाण्डौ ।

*नेपाल अधिराज्यको संक्षिप्त परिचय,* (२०६१), नेपाल सरकार, सुचना विभाग, काठमाण्डौ।

*बालश्रम सम्बन्धी राष्ट्रिय गुरुयोजना ,* (२०६३), नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, काठमाण्डौ ।

*राष्ट्रिय जनगणना,* (२०११), केन्द्रीय तथ्याङ्क विभाग, काठमाण्डौ ।

लिम्बु, नरप्रसाद, (२०६४), *अभिव्यक्ति* ।

लम्साल, युवनाथ (२००८), सडक बालबालिकाको मनोसामाजिक कारण, चिल्ड्रेन एट रिस्क ।

Altanis, P. and Goddard, J. (2004). Street Children in contemporary Greece. *Children And Society*. 18: 299-311.

Bhalla, A. S., and Laperye, F. (1999*). Poverty and Exclusion in a global world*. Palgrave-Macmillan Publication.

Boyden, J and Holden, P. (1991). *Children of the Cities.* Zed Books Ltd. New Jersey, USA.

CBS, (2002). *Statistical Pocket Book.*

Cooley, C. H. (1902). *Human nature and the social order*. New York: Scribner.

CPCS, (2007). *The Street Children of Kathmandu*.

CWIN, (2008). *Research Survey Studies.* Compilation of CWIN.

De Venanzi, ( 2003). A Street children and the excluded class. *International Journal of Comparitive Sociology.* 472-494.

Ennew, J. (1994). Street Children and working children: A guide for planning. *UNICEF Report*.

ILO, (2006). *Combating the Worst forms of Child Labour in Nepal,* Geneva.

Kidd, S. A. (2003 ). Street youth coping and interventions. *Child And Adolescent Social Work Journal.* 20(4), 235-261.

Lusk, M. (1992 ). Street children of Rio De Janerio. *International Social Work.*, 35, 293-305.

Lusk, M. W. (1989). Streets programs in Latin America. *Journal Of Sociology And Social Welfare.* 16(1), 55-77.

Marx, K. (1956). *The Philosophy of Poverty*. Lawrence & Wishart, London.

Rizzini, I. and Rizzini, I. (1991). *Institutionalized minors and street youth the great research topics of the 80's*. Sao Paulo: Cortez.

Thapa, K., Ghatane, S., and Rimal, S.P. (2009). Health problems among the street children of Dharan municipality. *Kathmandu University Journal*. 7(3), 272-279.

UNESCO, (2006). *A Study on Street Based Children in Kathmandu and Pokhara*.

UNICEF, (2013). *UNICEF Annual Report*. Nepal.

Wasi, J. (2002). *Children in different circumstances.* National institute of Public Cooperation, New Delhi.

# अन्तर्वार्ता अनुसूची

१. ठेगाना :

२. लिंग :

४. उमेर :

५. जातिय पृष्ठभुमि

६. बाबुको नाम : (जिवित/मरेको/छाडेको)

७. आमाको नाम : (जिवित/मरेको/छाडेको)

८. परिवारको सख्या कति छ ?

९. सौतेनी आमा छ/ छैनः

१०. तिम्रो बुवा आमाको केही लत थियो ?

- रक्सी सेवान
- धुम्रपान
- दुबै

११. तिमीले कुन तहसम्म पढेका छौ ?

- पूर्व प्राथमिक तह
- प्राथमिक तह
- प्राथमिक तहमाथि
- विद्यायलय भर्ना नभएका

१२. तिमीले पढाई पुरा नगर्नुको कारण के थियो ?

- अभिभावकले काममा लगाएकोले
- अभिभावक विहिन/टुहुरो भएर
- कमजोर आर्थिक अवस्था
- पढ्न मन नलागेर
- विद्यालय टाढा भएकोले
- साथीहरुको लहलहैमा
- अन्य

१३. तिम्रो परिवारसँग सम्पर्क छ कि छैन ?

- छ
- छैन

१४. तिम्रो परिवारको आयश्रोत के थियो ?

- कृषि
- नोकरी
- व्यापार
- अन्य

१५. तिमीले घर किन छाडेको ?

- बाबुको मृत्यु भएर
- परिवारले वास्ता नगरेर

- आमाको मृत्यु भएर
- सौतनी आमा/बाबुको कारण
- गरिवीको कारण
- सहरप्रतिको आकर्षण
- साथीको लहलहैमा
- अन्य

**१६. तिमी कहाँ बस्छौ ?**

- सडक पेटीमा
- साथीभाइसँग मिलेर
- अन्य

**१७. तिमी काठमाडौ कसरी आइपुग्यौ ?**

- आफू एक्लै प्रवेश गरेका
- साथीभाईसंग प्रवेश गरेका
- अभिभावकसंग प्रवेश गरेका
- गाउंका परिचित व्यक्तिसंग प्रवेश गरेका
- अन्य

**१८. तिमीले घर छाडेको कति भयो ?**

**१९. परिवारसँग बस्दा के कस्तो काम गर्ने गर्थ्यौ ?**

- पढ्ने
- मजदुरी
- घरधन्दा गर्ने
- अरुको घरमा काम गर्ने
- अन्य

**२०. तिमी कहाँ खान्छौ ?**

- मागेर
- होटेलमा किनेर
- होटलको बासी खाना खाने
- मन्दिरमा गई दाताहरुले दिएको खान
- अन्य

**२१. आफ्नो लागि लुगाको व्यवस्था कसरी गर्छौं ?**

- आफै किनेर
- मागेर
- कसैले दान दिएको लगाएर
- अन्य

**२२. सडकमा आएपछि कस्तो लतहरु लागेका छन ?**

- धुम्रपान
- लागु औषध
- अन्य

**२३. बिरामी हुँदा उपचार गराउन कहाँ जाने गरेका छौ ?**

- पसलबाट औषधि किनेर खाने

- अस्पताल जान्छु
- चुप लागेर बस्छु

**२४. समाजले तिमीहरुलाई कस्तो दृष्टिकोणले हेर्छ ?**

- घर नजिक जाँदा गाली गर्छ ।
- माया गरी खानेकुरा खान दिन्छ ।
- अन्य

**२५. सडकमा तिमी के काम गर्छौं ?**

- प्लाष्टिक आदि संकलन
- माग्ने
- अन्य

**२६. प्रतिदिन कति घण्टा काम गर्छौं ?**

- १-३ घण्टासम्म
- ४-६ घण्टासम्म
- समयको निश्चितता नै छैन

**२७. दिनमा कति आम्दानी गर्दछौ ?**

**२८. कमाएको पैसा कसरी खर्च गर्छौं ?**

- लुगा किनेर
- चुरोट रक्सी खाएर
- बचाएर
- अन्य

## विशेषज्ञसंगको प्रश्नावली

१. नाम

२. उमेर

३. पेशा

४. तपाइको सडक बालबालिकासंग कसरी सम्पर्क हुन्छ ?

५. तपाइले सडक बालबालिकाद्धारा कस्तो घटना घटाइएको थाहा पाउनु भएको छ ?

- चोरी
- लुटपात
- पाकेटमार
- अन्य

६. तपाईको सडक बालबालिकाप्रति कस्तो धारणा छ ?

७. सडक बालबालिकाद्धारा समाजमा कस्तो प्रभाव पारिएको छ ?

८. सडक बालबालिकाको समस्या कसरी समाधान गर्न सकिन्छ ?

# सडक बालबालिकाकको सामाजिक अबस्था

## काठमाडौ महानगरपालिका वडा नं. १७ बसन्तपुर क्षेत्रका सडक बालबालिकाको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय समाजशास्त्र समाजशास्त्र केन्द्रिय विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रेषित शोध पत्र


शोधकर्ता

**विनिता अर्याल**

रोल नं. ५९४

परीक्षा सिम्बोल नं. २८१८६४

रजिष्ट्रेशन नं. ६-२-२३९-११७-२००४


२०७३